केन्द्रीय कार्यालय
बालुवाटार, काठमाडौं
फोन नं. : ०१-५७१९६४१/४२/४३/४४
Website : www.nrb.org.np
पोष्ट बक्स : ७३

# नेपाल राष्ट्र बैंक

बैंक तथा वित्तीय संस्था नियमन विभाग

पत्र संख्या : बै.वि.नि.वि./नीति/सूचना/१४/०८२/८३

मिति : २०८२/०९/०६

## सूचना

**सीमित बैंकिङ्ग कारोवार गर्ने गरी इजाजतपत्रप्राप्त सहकारी बैंक**

महाशय,

यस बैंकबाट सीमित बैंकिङ्ग कारोवार गर्ने गरी इजाजतपत्रप्राप्त सहकारी बैंकका लागि निर्देशन, २०८२ जारी गरिएको हुँदा सोही बमोजिम गर्नु/गराउनु हुन नेपाल राष्ट्र बैंक ऐन, २०५८ को दफा ७९ ले दिएको अधिकार प्रयोग गरी यो सूचना जारी गरिएको छ ।

भवदीय,

कार्यकारी निर्देशक

# नेपाल राष्ट्र बैंकबाट सीमित बैंकिङ्ग कारोबार गर्ने गरी इजाजतपत्रप्राप्त सहकारी बैंकका लागि

# निर्देशन, २०८२


नेपाल राष्ट्र बैंक
केन्द्रीय कार्यालय
बैंक तथा वित्तीय संस्था नियमन विभाग

# विषय-सूची

१. निर्देशन नं. १/२०८२: चुक्ता पुँजी तथा न्यूनतम पुँजीकोष सम्बन्धी व्यवस्था.................३
२. निर्देशन नं. २/२०८२: कर्जाको वर्गीकरण र कर्जा नोक्सानी सम्बन्धी व्यवस्था ...................८
३. निर्देशन नं. ३/२०८२: कर्जाको सीमा सम्बन्धी व्यवस्था ..................................११
४. निर्देशन नं. ४/२०८२: लेखानीति तथा वित्तीय विवरणहरुको ढाँचा सम्बन्धी व्यवस्था ........१२
५. निर्देशन नं. ५/२०८२: जोखिम व्यवस्थापन सम्बन्धी व्यवस्था .............................१६
६. निर्देशन नं. ६/२०८२: संस्थागत सुशासन सम्बन्धी व्यवस्था ............................. १८
७. निर्देशन नं. ७/२०८२: अनिवार्य मौज्दात/वैधानिक तरलता सम्बन्धी व्यवस्था.............. २६
८. निर्देशन नं ८/२०८२: ब्याजदर तथा वित्तीय स्रोत संकलन सम्बन्धी व्यवस्था .............. २९
९. निर्देशन नं. ९/२०८२: विविध ..................................................३१
(क). सुपरिवेक्षकीय निर्देशन लागु गर्ने कार्य तालिका सम्बन्धी व्यवस्था.........................३१
(ख). शाखा/कार्यालय सम्बन्धी व्यवस्था ...........................................३१
(ग). लगानी सम्बन्धी व्यवस्था ................................................ ३२
(घ). तथ्याङ्क विवरण सम्बन्धी व्यवस्था ........................................... ३२
(ङ). अन्य व्यवस्था.......................................................... ३२
निर्देशन फारामहरु तथा अनुसूचीहरु ...........................................................३५

**नेपाल राष्ट्र बैंक**
केन्द्रीय कार्यालय
**बैंक तथा वित्तीय संस्था नियमन विभाग**

## निर्देशन नं. १/२०८२: चुक्ता पुँजी तथा न्यूनतम पुँजीकोष सम्बन्धी व्यवस्था

१. चुक्ता पुँजी तथा न्यूनतम पुँजीकोष सम्बन्धी व्यवस्था

(क) सहकारी बैंकको पुँजी साधारण शेयरले मात्र बनेको हुनु पर्नेछ। सहकारी बैंकको न्यूनतम चुक्ता पुँजी रु.२ अर्ब ५० करोड हुनेछ।

(ख) सहकारी बैंकले आफ्नो कुल जोखिम भारित सम्पत्तिको आधारमा प्राथमिक पुँजी ४.० प्रतिशत र कुल पुँजीकोष ८.० प्रतिशत कायम गर्नु पर्नेछ।

(ग) पुँजीकोष भन्नाले प्राथमिक पुँजी र पुरक पुँजीको योग सम्झनु पर्दछ।

२. देहायका शीर्षकहरुमा रहेको रकम प्राथमिक पुँजीमा समावेश/गणना हुनेछ :-

(क) चुक्ता पुँजी (साधारण शेयर)
(ख) प्रस्तावित वोनस शेयर
(ग) जगेडा कोष
(घ) सञ्चित नाफा/नोक्सान
(ङ) प्रयोजन नखुलाई स्वतन्त्र रुपमा खडा गरिएका स्वतन्त्र कोष

३. प्राथमिक पुँजी गणना गर्दा देहायका शीर्षकहरुमा रहेको रकम घटाउनु पर्नेछ :-
(क) ख्याति (Goodwill),
(ख) स्थगन कर सम्पत्ति (Deferred Tax Assets),
(ग) यस बैंकको निर्देशन विपरीत हुने गरी संगठित संस्थाको शेयर तथा सुरक्षणपत्रहरुमा गरेको लगानी रकम,
(घ) अवास्तविक सम्पत्ति (Fictitious assets), यस प्रयोजनको लागि अनुसन्धान, विकास तथा कम्प्यूटर सफ्टवेयर बाहेकका अन्य अवास्तविक खर्च सम्झनु पर्नेछ।

४. प्राथमिक पुँजीभन्दा बढी समावेश गर्न नपाइने गरी पुरक पुँजीमा निम्न शीर्षकहरु अन्तर्गत रहेका रकमहरु समावेश गर्नु पर्नेछ :-
(क) सामान्य कर्जा नोक्सानी व्यवस्था
यस शीर्षक अन्तर्गत सक्रिय कर्जाको निमित्त व्यवस्था गरिएको रकम समावेश गर्नु पर्नेछ।

सक्रिय कर्जासहित अन्य कर्जाका लागि यस बैंकबाट तोकिएको अनुपातभन्दा बढी कर्जा नोक्सानी व्यवस्था गरेको खण्डमा त्यस्तो अतिरिक्त कर्जा नोक्सानी व्यवस्था गरेको पूरै रकम समावेश गर्न सकिनेछ। तर, उपर्युक्त शीर्षकहरुमा रहेको कुल रकम संस्थाको कुल जोखिम भारित सम्पत्तिको १.२५ प्रतिशतभन्दा बढी हुने गरी पुरक पुँजीमा समावेश गर्न पाइने छैन।

(ख) सम्पत्ति पुनर्मूल्याङ्कन कोष
पुरक पुँजी गणना गर्दा सम्पत्ति पुनर्मूल्याङ्कन कोषवापत्को रकम समेत समावेश गरी निस्किएको कुल पुरक पुँजीको २ प्रतिशतसम्म गणना गर्न पाइने छ। यस कोषमा रहेको रकम वा कुल पुरक पुँजीको २ प्रतिशतमध्ये जुन कम हुन्छ सोही रकम मात्र समावेश गर्नु पर्नेछ।

(ग) गैर-बैंकिङ सम्पत्ति बापतको रकम
नियमनकारी कोषमा पछिल्ला २४ महिनाभित्र अभिलेख गरिएको गैर-बैंकिङ सम्पत्ति बापतको रकम पुरक पुँजीमा गणना गर्न सकिनेछ ।

५. पुँजीकोष गणना गर्ने प्रयोजनका लागि सम्पत्तिलाई निम्नानुसार विभाजन गरी छुट्टाछुट्टै जोखिम भार प्रदान गरिएको छ । सम्पत्ति शीर्षकको रकमलाई भार दिइएको प्रतिशतले गुणन गरी कुल जोखिम भारित सम्पत्तिको योग निकाल्नु पर्नेछ ।

(क) वासलात भित्रका सम्पत्तिहरुमा जोखिम भार

| **वासलातभित्रका शीर्षक** | **जोखिम भार (प्रतिशत)** |
|---|---|
| नगद मौज्दात | ० |
| नेपाल राष्ट्र बैंकमा रहेको मौज्दात | ० |
| नेपाल सरकारको सुरक्षणपत्रमा गरिएको लगानी | ० |
| नेपाल राष्ट्र बैंकको ऋणपत्रमा गरेको लगानी | ० |
| आफ्नै मुद्दती रसिदको धितोमा पूर्ण सुरक्षित हुने गरी प्रदान गरेको मुद्दती रसिद धितो ऋण/कर्जा | ० |
| सरकारी सुरक्षणपत्रको धितोमा पूर्ण सुरक्षित हुने गरी प्रदान गरेको ऋण/कर्जा | ० |
| सरकारी सुरक्षणपत्रको पाउनु पर्ने ब्याज रकम (Accrued Interest) | ० |
| बैंक/वित्तीय संस्थाहरुमा रहेको मौज्दात/मुद्दती रसिदको दावी (Claims)* | २० |
| मागेको बखत प्राप्त हुने रकम (Money at Call) | २० |
| शेयर, डिवेञ्चर एवम् बन्डमा भएको लगानी | १०० |
| अन्य लगानीहरु | १०० |
| ऋण/कर्जा, सापट (कुल रकम)** | १०० |
| स्थिर सम्पत्तिहरु | १०० |
| पाउनु पर्ने अन्य खुद ब्याज रकम (कुल पाउनु पर्ने ब्याज - सरकारी ऋणपत्र तथा वचत पत्रको ब्याज- ब्याज मुल्तवी) | १०० |
| गैर-बैकिङ्ग सम्पत्ति | १०० |
| अन्य सबै सम्पत्तिहरु (खुद अग्रिम कर दाखिला वाहेक) | १०० |

* एकहप्ताको अग्रिम सूचनामा फिर्ता लिन सकिने गरी स्वदेशी बैंक तथा वित्तीय संस्थामा सहकारी बैंकले राखेको तीन महिना वा सो भन्दा बढी अवधिका मुद्दती निक्षेप । यस प्रयोजनको लागि निक्षेप राख्ने समयभन्दा ठीक अघिल्लो त्रयमासको पुँजी पर्याप्तता (CapitalAdequacy)को आधारमा तोकिएको पुँजी पर्याप्तता कायम गरेका बैंक तथा वित्तीय संस्थामा राखिएको मुद्दती निक्षेपलाई मात्र मान्यता दिइनेछ ।

** मुद्दती रसिद, नेपाल राष्ट्र बैंक ऋणपत्र र सरकारी सुरक्षणपत्रको धितोमा प्रवाहित ऋण/कर्जा बाहेक ।

(ख) वासलात बाहिरको कारोबारमा जोखिम भार

| **वासलात बाहिरका कारोबारहरु** | **जोखिम भार (प्रतिशत)** |
|---|---|
| जमानत | १०० |
| आयकर वापत सम्भावित दायित्व | १०० |
| भुक्तानीको लागि दावी परेको जमानत | २०० |
| संस्थाउपर दावी परेको तर संस्थाले दायित्व स्वीकार नगरेको दायित्वहरु | २०० |

(ग) सञ्चालन जोखिम वापतको जोखिम भार

सहकारी बैंकले पुँजी कोष गणना गर्दा सञ्चालन जोखिम वापत कुल सम्पत्तिको २ प्रतिशतले हुने रकम जोखिम भारित सम्पत्तिको रुपमा थप गर्नु पर्ने व्यवस्था कायम गरिएको छ ।

६. पुँजीकोष अनुपात गणना सूत्र

पुँजीकोष अनुपातको गणना निम्नानुसार गर्नु पर्नेछ ।

(क) प्राथमिक पुँजी अनुपात = $\frac{\text{प्राथमिक पुँजी}}{\text{जोखिम भारित सम्पत्तिको योग}} \times १००$

(ख) पुँजीकोष अनुपात = $\frac{\text{प्राथमिक पुँजी + पुरक पुँजी}}{\text{जोखिम भारित सम्पत्तिको योग}} \times १००$

जोखिम भारित सम्पत्तिको योग = वासलातभित्रका कुल जोखिम भारित सम्पत्ति + वासलात बाहिरका कुल जोखिम भारित कारोबार+ संचालन जोखिम वापतको थप रकम

७. कर्मचारी दक्षता अभिवृद्धि कोष, संरक्षित पुँजी फिर्ता कोष, सहकारी प्रवर्द्धन कोष, नियमनकारी कोष तथा Other Comprehensive Income (OCI) बाट सिर्जित Fair Value Reserve र Actuarial gain जस्ता कोष पुँजीकोषमा समावेश गर्न पाइने छैन ।

सहकारी बैंकले जुनसुकै बखत पनि तोकिएको अनुपातमा न्यूनतम पुँजीकोष कायम गर्नु पर्नेछ । प्रत्येक महिनाको मसान्तको वित्तीय विवरणहरुको आधारमा संलग्न निर्देशन फा.नं. १.१ र १.२ बमोजिम पुँजीकोष सम्बन्धी विवरणहरु तयार गरी आन्तरिक लेखापरीक्षकबाट प्रमाणित गराई यस बैंकको बैंक तथा वित्तीय संस्था नियमन विभाग तथा सम्बन्धित सुपरिवेक्षण विभागमा प्रत्येक महिना समाप्त भएको मितिले १५ दिनभित्र सोको विद्युतीय प्रति पठाई सक्नु पर्नेछ । मासिक रुपमा आन्तरिक लेखापरीक्षण गराएर पेश गर्न नसकेमा मासिक विवरणमा सो व्यहोरा खुलाउनु पर्नेछ । तर, त्रयमासको अन्त्यको विवरण भने अनिवार्य रुपमा आन्तरिक लेखापरीक्षकबाट प्रमाणित गराएर नै पेश गर्नु पर्नेछ ।

८. सहकारी बैंकले न्यूनतम पुँजीकोष कायम नगरेसम्म लाभांश घोषणा तथा वितरण गर्न पाइनेछैन ।

९. पुँजी कोष सम्बन्धी निर्देशनहरुको पालना नभएमा हुने कारवाही

(क) सहकारी बैंकले पुँजीकोष सम्बन्धी निर्देशनहरुको पालना नगरेमा देहाय बमोजिमको कारवाही हुनेछ :

(१) यस बैंकले तोकेको न्यूनतम पुँजीकोष अनुपात भन्दा सहकारी बैंकले कायम गरेको पुँजीकोष अनुपात पच्चीस प्रतिशतसम्मले कम भएमा देहाय बमोजिमका सबै कारबाही यस बैंकबाट गरिने :

(अ) सम्बन्धित सहकारी बैंकको उच्च व्यवस्थापनसँग सुधारका कार्यक्रम सम्बन्धमा छलफल गरी छलफलका विषयवस्तुलाई अभिलेखको रुपमा राख्ने ।

(आ) सम्बन्धित सहकारी बैंकको पुँजी वृद्धि गर्न पुँजी योजना माग गर्ने ।

(इ) नगद लाभांश तथा बोनस शेयर घोषणा गर्न रोक लगाउने ।

(ई) नयाँ शाखा खोल्न रोक लगाउने ।

(उ) सम्बन्धित सहकारी बैंकका सञ्चालकको भत्ता तथा सुविधा र कार्यकारी प्रमुख लगायत उच्च व्यवस्थापनको तलब, भत्ता तथा सुविधा वृद्धिमा रोक लगाउने ।

(२) यस बैंकले तोकेको न्यूनतम पुँजीकोष अनुपात भन्दा सहकारी बैंकले कायम गरेको पुँजीकोष अनुपात पच्चीस प्रतिशत भन्दा बढी पचास प्रतिशतसम्मले कम भएमा देहाय बमोजिमका कारवाही गरिने :

(अ) खण्ड (क) को १ बमोजिमका कारवाहीहरु गर्ने ।

(आ) बचत र अन्य बैंक तथा वित्तीय संस्थाबाट लिने ऋण/सापटीमा सीमा कायम गर्ने ।

(इ) नयाँ व्यावसायिक क्रियाकलाप सञ्चालन गर्न रोक लगाउने ।

(ई) खरिद वा लिज प्रक्रिया मार्फत थप स्थिर सम्पत्ति प्राप्त गर्नुपूर्व नेपाल राष्ट्र बैंकको स्वीकृति लिनु पर्ने ।

(उ) सम्बन्धित सहकारी बैंकका कर्मचारीहरुलाई प्रोत्साहन भत्ता, संस्था छोड्दा दिने अन्य सुविधामा वृद्धि वा व्यवस्थापनको तजबिजले दिन सक्ने खर्च/क्षतिपूर्ति आदि प्रदान गर्न रोक लगाउने ।

(३) यस बैंकले तोकेको न्यूनतम पुँजीकोष अनुपात भन्दा सहकारी बैंकले कायम गरेको पुँजीकोष अनुपात पचास प्रतिशत भन्दा बढी पचहत्तर प्रतिशतसम्मले कम भएमा देहाय बमोजिमको कारवाही गरिने :

(अ) खण्ड (क) को २ बमोजिमका कारवाहीहरु गर्ने ।

(आ) नयाँ बचत र अन्य बैंक तथा वित्तीय संस्थाबाट ऋण/सापटी लिन रोक लगाउने ।

(इ) ऋण/कर्जा सीमा वृद्धि गर्न तथा नयाँ ऋण/कर्जा प्रवाह गर्न रोक लगाउने ।

(ई) कर्मचारीहरुको तलब, भत्ता तथा अन्य आर्थिक सुविधा वृद्धिमा रोक लगाउने ।

(उ) नेपाल राष्ट्र बैंकको स्वीकृति लिई कर्मचारी भर्ना गर्न बाहेक नयाँ कर्मचारी भर्ना तथा बढुवामा रोक लगाउने ।

(ऊ) पुँजी पर्याप्तता सम्बन्धी कारवाही प्रारम्भ भएको मितिले छ महिनाभित्र तोकिएको न्यूनतम पुँजीकोष अनुपात कायम नभएमा सम्बन्धित सहकारी बैंकका सञ्चालक तथा कार्यकारी प्रमुखलाई सहकारी ऐन, २०७४ को दफा १२८ बमोजिमका कारवाहीहरु आंशिक वा पूर्ण रुपमा गर्ने ।

(४) यस बैंकले तोकेको न्यूनतम पुँजीकोष अनुपात भन्दा सहकारी बैंकले कायम गरेको पुँजीकोष अनुपात पचहत्तर प्रतिशतभन्दा बढीले कम भएमा देहाय बमोजिमको कारवाही गरिने :

(अ) खण्ड (क) को ३ बमोजिमका कारवाहीहरु गर्ने ।

(आ) सम्बन्धित सहकारी बैंकलाई समस्याग्रस्त घोषणा गर्ने ।

(इ) समस्याग्रस्त घोषणा गरेको छ महिनासम्ममा पनि तोकिएको न्यूनतम पुँजीकोष अनुपात कायम नभएमा इजाजतपत्र निलम्बन वा रद्द गर्ने ।

(५) बुँदा नं ३ र ४ मा उल्लेखित व्यवस्थाहरु २०८५ साउन १ देखि लागु हुनेछ ।

(ख) सहकारी बैंकले कुनै आर्थिक वर्षको बीचको कुनै अवधिमा तोकिएको अनुपातमा न्यूनतम पुँजीकोष कायम गर्न नसकेको भए तापनि सोही आर्थिक वर्षको अन्त्यमा तोकिएको अनुपातमा न्यूनतम पुँजीकोष कायम भएको आधारमा नगद लाभांश तथा बोनस शेयर वितरण गर्न पाइने छैन । यो व्यवस्थाले सो आर्थिक वर्षको अन्त्यमा वाह्य लेखापरीक्षकबाट प्रमाणित वित्तीय विवरणबाट तोकिएको अनुपातमा न्यूनतम पुँजीकोष कायम भएको आधारमा यस बैंकको स्वीकृति लिई बोनस शेयर घोषणा/वितरण गर्न बाधा पर्ने छैन । यसरी बोनस सेयर वितरण गर्दा कर प्रयोजनका लागि आवश्यक पर्ने रकम मात्र नगद लाभांश घोषणा गर्न वा वितरण गर्न स्वीकृति दिन सकिनेछ ।

(ग) सहकारी बैंकले कुनै आर्थिक वर्षको अन्त्यमा बाह्य लेखापरीक्षकबाट प्रमाणित वित्तिय विवरणबाट तोकिएको अनुपातमा न्यूनतम पुँजीकोष कायम भए तापनि सो आर्थिक वर्ष समाप्त भएको मितिदेखि वार्षिक साधारण

सभाको स्वीकृति लिने मितिसम्म सम्बन्धित निकायले समस्याग्रस्त फुकुवा नगरेको अवस्थामा लाभांश तथा बोनस सेयर घोषणा/वितरण गर्न पाइने छैन ।

१०. सदस्यले धारण गर्न सक्ने पुँजीको सीमा :

सहकारी बैंकमा आवद्ध सदस्य सहकारी संस्थाले सहकारी ऐन, २०७४ को दफा ६३ (२) बमोजिम शेयर धारण गर्नु पर्नेछ ।

११. शेयर फिर्ता सम्बन्धमा :
सहकारी बैंकले सहकारी ऐन, २०७४ को दफा ६४ मा रहेका व्यवस्थाका अतिरिक्त देहायबमोजिमका शर्तहरूको पालना गरेर मात्र आफ्नो सदस्यलाई शेयर फिर्ता गर्नु पर्नेछ :

क) सहकारी बैंकको पछिल्लो लेखापरीक्षण भएको वित्तीय विवरण तथा नेपाल राष्ट्र बैंकद्वारा गरिएको निरीक्षणको प्रतिवेदन बमोजिम न्यूनतम पुँजीकोष अनुपात कायम भएको हुनु पर्नेछ ।

ख) सदस्यको शेयर फिर्ता गर्दा सहकारी बैंकको न्यूनतम पुंजी, न्यूनतम पुँजीकोष अनुपात नेपाल राष्ट्र बैंकद्वारा तोकिए बमोजिम कायम रहेको हुनुपर्नेछ ।

ग) यसरी शेयर फिर्ता गर्दा सहकारी बैंकको न्यूनतम पुँजीकोषभन्दा कम हुने गरी फिर्ता गर्न पाइने छैन ।

# नेपाल राष्ट्र बैंक
केन्द्रीय कार्यालय
**बैंक तथा वित्तीय संस्था नियमन विभाग**

## निर्देशन नं. २/२०८२: कर्जाको वर्गीकरण र कर्जा नोक्सानी सम्बन्धी व्यवस्था

१. सहकारी बैंकले प्रवाह गरेको कर्जाको साँवा वा ब्याज भुक्तानी हुनुपर्ने भाखा नाघेको अवधिका आधारमा सम्पूर्ण ऋण/कर्जालाई देहायबमोजिम वर्गीकरण गर्नु पर्नेछ ।

(क) असल (Pass) : भाखा ननाघेका र ३ महिनासम्म भाखा नाघेका कर्जा ।

(ख) कमसल (Sub-standard) : ३ महिनादेखि बढीमा ६ महिनासम्म भाखा नाघेका कर्जा ।

(ग) शंकास्पद (Doubtful) : ६ महिनादेखि बढीमा १ वर्षसम्म भाखा नाघेका कर्जा ।

(घ) खराब (Loss) : १ वर्षभन्दा बढी अवधिले भाखा नाघेका कर्जा ।

असल वर्गमा रहेका ऋण/कर्जा लाई "सक्रिय कर्जा" (Performing Loan) र कमसल, शंकास्पद तथा खराब ऋण/कर्जा लाई "निष्क्रिय ऋण/कर्जा " (Non-Performing Loan) भनिनेछ ।

२. यस निर्देशन बमोजिम वर्गीकरण गरिएका ऋण/कर्जा सापटको लागि बक्यौता साँवा रकमको आधारमा देहायबमोजिम ऋण/कर्जा नोक्सानी व्यवस्था कायम गर्नु पर्नेछ :-

| ऋण/कर्जा वर्गीकरण | न्यूनतम ऋण/कर्जा नोक्सानी व्यवस्था |
|---|---|
| (क) असल | १ प्रतिशत |
| (ख) कमसल | २५ प्रतिशत |
| (ग) शंकास्पद | ५० प्रतिशत |
| (घ) खराब | १०० प्रतिशत |

***टिप्पणी :*** *असल ऋण/कर्जा को लागि गरिएको ऋण/कर्जा नोक्सानी व्यवस्थालाई "सामान्य ऋण/कर्जा नोक्सानी व्यवस्था (General Loan Loss Provision)" र अन्य कर्जाको लागि गरिएको कर्जा नोक्सानी व्यवस्थालाई "विशेष कर्जा नोक्सानी व्यवस्था (Specific Loan Loss Provision)" को रुपमा लिइनेछ ।*

३. एक वर्षभन्दा बढी समयको लागि ऋण/कर्जा प्रवाह गर्दा किस्ताबन्दीमा भुक्तानी कायम हुने गरी प्रवाह गर्नु पर्नेछ । तर, एक वर्षसम्मको लागि ऋण/कर्जा प्रवाह गर्दा समेत किस्ताबन्दीमा भुक्तानी कायम हुने गरी प्रवाह गर्न सकिनेछ । यसरी एक वर्षसम्मको ऋण/कर्जा किस्ताबन्दीमा भुक्तानी गर्ने गरी प्रवाह भएको हकमा देहायबमोजिम ऋण/कर्जा नोक्सानी व्यवस्था कायम गर्नुपर्ने छ ।

(क) किस्ता रकम १ वर्षसम्मले भाखा नाघेको अवस्थामा त्यस्तो किस्ता रकमलाई मात्र सम्बन्धित वर्गमा वर्गीकरण गरी ऋण/कर्जा नोक्सानी व्यवस्था कायम गर्नु पर्नेछ । तर, संस्थाले सम्पूर्ण ऋण/कर्जा रकमलाई नै तल्लो वर्गमा वर्गीकरण गर्न चाहेमा यो व्यवस्थाले वाधा पुगेको मानिने छैन ।

(ख) किस्ता रकम १ वर्षभन्दा वढी अवधिले भाखा नाघेको अवस्थामा सम्पूर्ण ऋण/कर्जा रकमलाई नै खराब ऋण/कर्जामा वर्गीकरण गरी ऋण/कर्जा नोक्सानी व्यवस्था कायम गर्नु पर्नेछ ।

४. सहकारी बैकले आफ्ना सदस्य सहकारी संस्थाहरुलाई अन्यत्र उल्लेख भएको अवस्थामा बाहेक पर्याप्त सुरक्षण लिई ऋण/कर्जा प्रवाह गर्नु पर्नेछ ।

५. सदस्य सहकारी संस्थाको सदस्यको धितोमा ऋण/कर्जा प्रवाह गरेको खण्डमा त्रिपक्षीय सम्झौता गरी त्यस्तो ऋण/कर्जा सम्बन्धित सदस्यले नै उपभोग गर्ने गरी प्रदान गर्नु पर्नेछ । यसरी ऋण/कर्जा प्रदान गर्दा सदस्य ऋणी सहकारी संस्थाले लिएको अन्य ऋण/कर्जासँग छुट्टिने गरी ऋण/कर्जा खाता कायम गर्नुपर्नेछ, । यसरी कायम गरिएको खातामा सदस्य ऋणी सहकारी संस्थाको सदस्यले सोझै भुक्तानी गरी सम्बन्धित सहकारीलाई हिसाबमिलानको लागि जानकारी दिने समेत व्यवस्था गर्नुपर्नेछ । सदस्य सहकारी संस्थाको सदस्यले लिएको ऋण/कर्जा चुक्ता भएमा सो सदस्यको धितो फुकुवा समेत गर्नुपर्नेछ ।

६. सदस्य सहकारी संस्थाको सदस्यको सम्पत्ति धितो राखी सहकारी बैकबाट संस्थाले ऋण लिँदा सदस्यले सो संस्थाबाट लिएको ऋण रकमभन्दा बढी ऋण सहकारी बैकबाट प्रवाह गर्न पाइने छैन ।

७. खराब ऋण/कर्जासम्बन्धी थप व्यवस्था

भाखा नाघेको वा ननाघेको ऋण/कर्जामा देहायको कैफियत देखिएमा त्यस्तो ऋण/कर्जा तथा सापटलाई खराब ऋण/कर्जामा वर्गीकरण गर्नु पर्नेछ :-

(क) सुरक्षणको बजार मूल्यले ऋण/कर्जाको सुरक्षण हुन नसक्ने भएमा,

(ख) समस्याग्रस्त घोषणा गरेको सहकारीमा गरेको ऋण/कर्जा लगानी ।

(ग) सदस्य ऋणी संस्था सञ्चालन हुने अवस्था नरहेमा, सदस्य ऋणी संस्था सञ्चालनमा नभएमा,

(घ) सदस्य ऋणी संस्था वा तिनका सञ्चालक ऋण/कर्जा सूचना केन्द्रको कालोसूचीमा रहेमा,

(ङ) ऋण/कर्जा दुरुपयोग भएमा,

***टिप्पणी :*** *यो निर्देशनको खण्ड (ङ) को प्रयोजनको लागि "दुरुपयोग" भन्नाले प्रयोजन खुलाई लिएको ऋण/कर्जा रकम सम्बन्धित प्रयोजनमा प्रयोग नगरेको, सहकारी सञ्चालनमा नरहेको, सम्बन्धित सदस्य ऋणी सहकारीले आर्जित रकम ऋण तिर्नमा नलगाई अन्य कार्यमा प्रयोग गरेको, निरीक्षण तथा सुपरिवेक्षणको क्रममा सुपरिवेक्षक/लेखा परीक्षणको क्रममा लेखापरीक्षकबाट दुरुपयोग भएको प्रमाणित भएमा ऋण/कर्जा तथा सुविधाको दुरुपयोग गरेको सम्झनुपर्छ ।*

८. ऋण/कर्जा नोक्सानी व्यवस्थालाई देहायको अवस्थामा बाहेक समायोजन गर्न पाइने छैन :-

(क) ऋण/कर्जा चुक्ता भएमा वा ऋण/कर्जा अपलेखन भएमा वा

(ख) ऋण/कर्जाको भुक्तानी किस्तावन्दी वा आंशिक रुपमा भई ऋण/कर्जा वर्गीकरण अनुरुपको ऋण/कर्जा नोक्सानी व्यवस्था कायम गर्दा भुक्तानी भएको हदसम्मको ऋण/कर्जा वापत गरिएको ऋण/कर्जा नोक्सानी व्यवस्थालाई समायोजन गर्न सकिने ।

(ग) सुपरिवेक्षणको क्रममा देखिएका कैफियतहरु सहकारी बैंकले सुधार गरेको अवस्थामा सम्बन्धित सुपरिवेक्षण विभाग विश्वस्त भएमा ।

९. ऋण/कर्जा प्रवाह गर्दा सोको साँवा ब्याज असुल हुने भुक्तानी तालिका सदस्य ऋणी संस्थालाई उपलब्ध गराउनु पर्नेछ ।

१०. सहकारी बैंकले सम्बन्धित सदस्य ऋणी संस्थाबाट लेना रकम असुलउपर गर्दा सर्वप्रथम असुल उपर गर्नुपर्ने ब्याज रकम सम्पूर्ण रुपमा असुलउपर गर्नु पर्नेछ र बाँकी रकम साँवामा आवश्यक हिसाव मिलान गर्नु पर्नेछ । किस्ताबन्दीमा चुक्ता गर्ने गरी प्रवाह भएको ऋण/कर्जाको हकमा वक्यौता किस्ताका आधारमा सबै भन्दा पुरानो किस्ता असुलउपर गर्नका लागि बाधा पर्ने छैन ।

११. सहकारी बैंकले माथिल्लो वर्गको ऋण/कर्जा सापटलाई तल्लो वर्गमा वर्गीकरण गर्न सक्नेछ । उदाहरणका लागि कमसल ऋण/कर्जालाई शंकास्पद वा खराब ऋण/कर्जामा र शंकास्पदलाई खराब ऋण/कर्जामा वर्गीकरण गर्न सकिनेछ ।

१२. सम्पत्तिको सकार, नोक्सानी व्यवस्था र लिलाम बिक्री सम्बन्धमा

(क) उक्त सम्पत्ति बिक्री भएको अवस्थामा तत्काल त्यस्तो सम्पत्तिका लागि खडा गरिएको नोक्सानी व्यवस्थाको आवश्यक हिसावमिलान गर्नुपर्नेछ ।

(ख) धितो सुरक्षणलाई सम्पत्तिको रुपमा सकार गर्दा तथा सकार गरेको सम्पत्ति लिलाम बिक्री गर्ने सम्बन्धमा देहाय बमोजिम गर्नुपर्नेछ :

(१) आफ्नो संस्थाको नाममा रहेको सकार गरेको सम्पत्तिको लिलाम गर्नुपूर्व स्वतन्त्र धितो मूल्याङ्कनकर्ताबाट मूल्याङ्कन गराउनु पर्नेछ । साथै, यस्तो मूल्याङ्कन ऋण/कर्जा प्रदान गर्दाको धितो मूल्याङ्कनकर्ताबाट गराउन पाइने छैन ।

(२) सहकारी बैंकको आर्थिक प्रशासन विनियमावलीमा धितो सुरक्षण/सकार गरेको सम्पत्ति लिलाम सम्बन्धमा पारदर्शी र स्पष्ट व्यवस्था गर्नुपर्नेछ ।

(३) सदस्य ऋणी संस्थाबाट सम्पत्ति सकार गरी लिंदा लिलाम हुन नसकेको सुरक्षणवापत् राखिएको सम्पूर्ण सम्पत्तिलाई नै लिनु पर्नेछ, आंशिक रुपमा मात्र लिन पाइने छैन ।

(४) सदस्य ऋणी सहकारी संस्थाबाट सकार गरी लिएको सम्पत्ति यथासम्भव छिटो बिक्री गर्नु पर्नेछ । सहकारी बैंकको आफ्नै प्रयोजनका लागि आवश्यक भएमा सोको उपयोगका लागि सञ्चालक समितिबाट स्वीकृत गराई यस बैंकलाई समेत जानकारी गराउनु पर्नेछ ।

(५) सम्पत्तिको रुपमा सहकारी बैंकले सकार गरेको सम्पत्ति धितो सुरक्षण धनी (सकार गर्नु अघिको धनी) लाई फिर्ता गर्दा यस्तो सम्पत्ति लेखाङ्कन गर्दाको मूल्यमा नघट्ने गरी सम्बन्धित संस्था र सम्बन्धित सुरक्षण धनीबीचको आपसी वार्ताद्वारा सम्बन्धित सुरक्षण धनीलाई मात्र धितो/सुरक्षण फिर्ता गर्न भने यो निर्देशनले बाधा पुऱ्याएको मानिने छैन ।

१३. आफुले गरेको ऋण/कर्जा लगानी बमोजिम असुल उपर गर्नुपर्ने सम्पूर्ण रकम असुल भईसकेपछि सुरक्षणवापत् राखिएको धितो ७ कार्यदिनभित्र फुकुवाको लागि सम्बन्धित कार्यालयमा लेखी पठाउनु पर्नेछ ।

१४. एक वर्षभन्दा बढी अवधिको लागि प्रवाह भएको ऋण/कर्जा असुलीको लागि सार्वजनिक सूचना तथा धितो लिलामीको कारबाही शुरु गर्नु अघि ऋण/कर्जाले भाखा नाघेको कम्तीमा १ वर्ष व्यतीत भई खराब वर्गमा वर्गीकरण भएको हुनु पर्नेछ ।

१५. निरीक्षण टोलीले सदस्य ऋणी सहकारी संस्थाको वित्तीय अवस्था लगायतको आधारमा गरेको निरीक्षण बमोजिम थप ऋण/कर्जा नोक्सानी व्यवस्था गर्न लगाउन सकिनेछ ।

१६. विशेष परिस्थितिमा नियमनकारी निकायबाट निर्देशन जारी भएको अवस्थामा सदस्य ऋणी संस्थाले उचित कारणसहित लिखित अनुरोध गरेमा सञ्चालक समितिको निर्णयअनुसार निश्चित अवधिको लागि मात्र ऋण पुनर्तालिकीकरण वा पुनरसंरचना गर्न सकिनेछ ।

१७. सहकारी बैंकले वासलात बाहिरको कारोबार (Off Balance Sheet Transaction) गर्न पाउने छैन । तर, पर्याप्त सुरक्षण लिई आफ्ना सदस्य संस्थाहरुका लागि ग्यारेन्टी जारी गर्नसक्नेछ ।

१८. आर्थिक वर्षको असोज, पुस, चैत र असार मसान्तमा ऋण/कर्जा वर्गीकरण गरी आन्तरिक लेखापरीक्षण गरेर संलग्न निर्देशन फा.नं. २.१ अनुसारको विवरणहरु त्रयमास समाप्त भएको १५ दिनभित्र यस बैंकको सम्बन्धित सुपरिवेक्षण विभागमा पठाउनु पर्नेछ । सहकारी बैंकले संलग्न निर्देशन फा.नं २.२ बमोजिमको विवरणलाई त्रैमासिक रुपमा तयार गरी राख्नुपर्ने र सोको विद्युतीय प्रति सम्बन्धित सुपरिवेक्षण विभागमा पठाउनु पर्नेछ । साथै, सहकारी बैंकले ऋण असुली गर्दा निर्देशन फारम नं २.३ बमोजिमको ढाँचामा सम्बन्धित सुपरिवेक्षण विभागमा त्रैमासिक रुपमा पठाउनु पर्नेछ ।

**नेपाल राष्ट्र बैंक**
केन्द्रीय कार्यालय
**बैंक तथा वित्तीय संस्था नियमन विभाग**

## निर्देशन नं. ३/२०८२: कर्जाको सीमा सम्बन्धी व्यवस्था

१. सहकारी बैंकलाई देहाय बमोजिमको ऋण/कर्जा सीमा कायम गरिएको छ :-
सहकारी बैंकले एउटै सदस्य वा आपसी सम्बन्ध भएका सदस्यहरुको समूहलाई प्रदान गर्नसक्ने ऋण/कर्जाको सीमा सदस्य संस्थाको कुल सम्पत्तिको १५ प्रतिशतसम्म वा सहकारी बैंकको अघिल्लो त्रयमासको कुल साधारण शेयरको २० प्रतिशतमध्ये जुनकम हुन्छ सो बराबर कायम गनुपर्नेछ । उक्त सीमाभित्र ऋण/कर्जा वक्यौता नरहेमा सहकारी बैंकले २०८३ असार मसान्तभित्रमा यस्तो सीमा कायम गरी सक्नुपर्नेछ ।

ऋण/कर्जा सापट तथा सुविधा सीमाको प्रयोजनको लागि आपसी सम्बन्ध भएका सदस्य संस्थाहरुको समूहलाई देहायका अवस्थामा एउटै समूह मानिनेछ । आपसी सम्बन्ध भन्नाले :

(क) कुनै सहकारी संस्थाले सहकारी ऐनबमोजिम अन्य सहकारी संस्थाको सदस्यता लिई १० प्रतिशत शेयर लिएको भए ती सहकारी संस्थाहरु ।
(ख) एकाघरमा बसोबास गरी आएका वा छुट्टाभिन्न भएका पति वा पत्नी, छोरा, छोरी, धर्मपुत्र, धर्मपुत्री, बाबु, आमा, सौतेनी आमा र आफूले पालनपोषण गर्नुपर्ने दाजु, भाइ, तथा दिदी, बहिनी दुई वा सोभन्दा बढी सहकारी संस्थाका सञ्चालक भएमा त्यस्ता सहकारी संस्थाहरु ।

२. यस निर्देशनमा उल्लेख गरिएको सीमा भन्दा बढी ऋण/कर्जा प्रदान गरेमा त्यसबाट उत्पन्न हुने अधिकेन्द्रित जोखिम खाम्नको लागि सीमाभन्दा बढी प्रदान गरिएको ऋण/कर्जा रकममा शतप्रतिशत ऋण/कर्जा नोक्सानी व्यवस्था (Loan Loss Provision) कायम गर्नु पर्नेछ ।
३. यो निर्देशन लागू भएको मिति पछि स्वीकृत/नविकरण हुने बिना धितो ऋणमा सहकारी बैंकले सदस्य ऋणी संस्थाको संचालक समितिको सामुहिक जमानीमा बिना धितो सुरक्षण कूल रु.२५ लाखसम्म ऋण प्रवाह गर्न सक्नेछ । यसरी प्रवाह भएको ऋण बढीमा रु.५ लाखसम्मको लघुकर्जा प्रदान गर्ने प्रयोजनको लागि मात्र सदस्य ऋणी सदस्य संस्थाले प्रयोग गर्नुपर्नेछ । यस्तो प्रकारको ऋण/कर्जा संचालक बाहेकका सदस्यले मात्र प्रयोग गर्न पाइनेछ ।
४. सहकारी बैंकले आफ्ना सदस्य ऋणी सहकारी संस्थालाई परियोजनाको सुरक्षणमा कुल परियोजना मूल्यको बढीमा ८० प्रतिशतसम्म मात्र हुने गरी किस्तावन्दीमा ऋण प्रवाह गर्ने शर्तमा ऋण प्रवाह गर्न सक्नेछ ।
५. सहकारी बैंकले सदस्य संस्थाको बचतको सुरक्षणमा बढीमा ९० प्रतिशतसम्म ऋण प्रवाह गर्न सक्नेछ ।
६. सहकारी बैंकले ऋण/कर्जा प्रवाह गर्दा सदस्य संस्थाको ऋण लिने क्षमता मूल्यांकन गरेको सुनिश्चित गनुपर्नेछ ।
७. सहकारी बैंकले प्रचलित कानून तथा निर्देशनको अधिनमा रही रियलस्टेटमा कुल ऋण/कर्जाको बढीमा १० प्रतिशत र रियलस्टेट एवं आवासीय घर कर्जा दुबैमा गरी कुल ऋण/कर्जाको बढीमा २५ प्रतिशतसम्म ऋण/कर्जा प्रवाह गर्न सक्नेछ ।

# नेपाल राष्ट्र बैंक
केन्द्रीय कार्यालय
**बैंक तथा वित्तीय संस्था नियमन विभाग**

## निर्देशन नं. ४/२०८२: लेखानीति तथा वित्तीय विवरणहरुको ढाँचा सम्बन्धी व्यवस्था

**१. वित्तीय विवरण सम्बन्धी मार्गदर्शन**

सहकारी बैंकले देहाय बमोजिमको मार्गदर्शनभित्र रही वित्तीय विवरणहरु तयार गर्नु पर्नेछ ।

क. आर्थिक वर्षको परिभाषा

साउन १ गतेदेखि असार मसान्तसम्मको अवधिलाई आर्थिक वर्षको रुपमा मान्नु पर्नेछ । तर संस्थापना भएको वर्षको लागि संस्थापना भएको मितिदेखि असार मसान्तसम्मको अवधिलाई आर्थिक वर्ष मान्नु पर्नेछ ।

ख. नेपाल राष्ट्र बैंकले तोकेको ढाँचालाई वैधानिक ढाँचा (Statutory Form)को रुपमा लिनुपर्ने

सहकारी बैंकहरुले यस बैंकले तोकिदिएको ढाँचा र विधि अनुसार वित्तीय विवरण तयार गर्नु पर्नेछ ।

ग. प्रचलित लेखा मापदण्डको अनुशरण गर्नुपर्ने

यस बैंकको निर्देशनमा तोकिएको अवस्थामा बाहेक वित्तीय विवरणहरु नेपाल वित्तीय प्रतिवेदनमान(NFRSs) अनुसार तयार गर्नु पर्नेछ । सहकारी बैंकले नेपाल वित्तीय प्रतिवेदनमान (NFRSs) अनुसार वित्तीय विवरण तयार गर्नुपर्नेछ । नेपाल वित्तीय प्रतिवेदनमानले समावेश नगरेका क्षेत्रहरुमा अन्तर्राष्ट्रिय वित्तीय प्रतिवेदनमान (IFRSs) लाई आधारको रुपमा लिनुपर्नेछ ।

घ. वित्तीय विवरणहरु प्रकाशन गर्नुपर्ने

अ. कानुनी व्यवस्था र तोकिएको अवधिभित्र लेखापरीक्षण सम्पन्न भइसकेपछि सबै अनुसूची तथा विवरणहरु वार्षिक प्रतिवेदन पुस्तिकामा प्रकाशित गरी आफ्नो वेवसाइटमा अद्यावधिक गर्नु पर्नेछ । साथै, सर्वसाधारणको जानकारीको लागि वासलात, नाफा-नोक्सान हिसाव, नगद प्रवाह विवरण, इक्वीटिमा भएको परिर्वतनको विवरण र यस निर्देशनको पुँजीकोष तालिका (अनुसूची नं १.१) र प्रमुख सूचकाङ्क (अनुसूची नं. १.२) अनुसारको विवरण राष्ट्रियस्तरका पत्रिकामा आर्थिक वर्ष समाप्त भएको नौ महिनाभित्र अनिवार्यरुपमा प्रकाशित गर्नु पर्नेछ ।

आ. यस बैंकको निर्देशन बमोजिम यस बैंकको विभिन्न विभाग तथा कार्यालयहरुमा पेश गर्नु पर्ने विभिन्न तथ्याङ्क फारामहरु तथा प्रकाशन गर्नु पर्ने गरी तोकिएका विवरण सम्बन्धी अन्य कुनै पनि निर्देशनलाई यस निर्देशनले बाधा पुऱ्याएको मानिने छैन ।

(१) सम्पूर्ण शाखाहरुको समेत कारोबार समावेश गरी वास्तविक एकीकृत वित्तीय विवरण लगायत प्रमुख वित्तीय परिसूचकहरु(Major Financial Indicators) को विवरण हरेक त्रयमासको महिना व्यतीत भएको मितिले ३५ दिनभित्र राष्ट्रियस्तरका दैनिक पत्रिकामा अनिवार्य रुपमा प्रकाशित गरी सोको एक प्रति बैंक तथा वित्तीय संस्था नियमन विभाग र सम्बन्धित सुपरिवेक्षण विभागलाई समेत उपलब्ध गराउनु पर्नेछ ।

(२) त्रैमासिक वित्तीय विवरण प्रकाशन गर्दा अनिवार्य रुपमा आन्तरिक लेखापरीक्षकबाट प्रमाणित गराएर मात्र प्रकाशन गर्नु पर्नेछ ।

(३) हरेक आर्थिक वर्षको अन्त्यमा सहकारी बैंकको अपरिष्कृत वित्तीय विवरण र लेखापरीक्षण भएको वित्तीय विवरणबीच देखिएको अन्तर सम्बन्धमा कारण खुलाई तालिकाकै रुपमा संस्थाको वार्षिक प्रतिवेदनको अलग्गै पानामा प्रकाशित गर्नु पर्नेछ ।

(४) वित्तीय विवरण प्रकाशित गर्दा उक्त अवधिको कर्मचारी बोनस, आयकर व्यवस्था लगायतका सम्पूर्ण खर्चहरुलाई समावेश गरेर मात्र प्रकाशित गर्नु पर्नेछ ।

(५) सर्वसाधारणको जानकारीको लागि अपरिष्कृत वित्तीय विवरण प्रकाशन गर्दा "सुपरिवेक्षण गर्ने निकाय तथा वाह्य लेखापरिक्षकले थप/घट गर्न निर्देशन दिएमा परिष्कृत वित्तीय विवरणमा फरक पर्न सक्नेछ" भन्ने व्यहोराको फुटनोट राखी प्रकाशन गर्नु पर्नेछ ।

(६) ऐन, नीति, नियम तथा निर्देशनमा स्पष्ट गरिएका विषयमा समेत वित्तीय संस्थाको व्यवस्थापनले समयमै समायोजन नगरी वित्तीय विवरणमा फरक परेको अवस्थामा सम्बन्धित संस्थालाई आवश्यक कारबाही गरिनेछ ।

ङ. आन्तरिक प्रयोजनको निमित्त लेखा राख्ने

यस निर्देशनले सम्बन्धित सहकारी बैंकको आन्तरिक प्रयोजनको निमित्त तयार गरिने अन्य लेखा विवरणहरुलाई बाधा पुऱ्याएको मानिने छैन ।

च. नेपाल राष्ट्र बैंकले तोकेको ढाँचा र शीर्षकमा कुनै परिवर्तन गर्न नपाइने

वासलात तथा नाफा-नोक्सान हिसावको साथै अनुसूचीहरुमा तोकिएको कुनै शीर्षक अन्तर्गत रकम नरहेको भए तापनि सो शीर्षक कायमै राखी यस बैंकले तोकेको ढाँचामा कुनै परिवर्तन गर्न पाइने छैन । तर, अनुसूचीहरुमा उल्लेख भएको "अन्य" शीर्षकभित्र रहने गरी आवश्यकतानुसार अरु शीर्षकहरु समावेश गर्न सकिनेछ ।

छ. वित्तीय विवरणहरु पेश गर्नुपर्ने

आफ्नो वार्षिक हिसावको आधारमा तयार पारेको वित्तीय विवरण वाह्य लेखापरीक्षकबाट प्रारम्भिक लेखापरीक्षण कार्य समाप्त भएपछि तयार भएको प्रारम्भिक प्रतिवेदन, सो प्रतिवेदन उपर व्यवस्थापनको जवाफ तथा सोका आधारमा तयार पारिएको वित्तीय विवरणहरु (वासलात, नाफा नोक्सान हिसाब, नगद प्रवाह विवरण तथा यस बैंकको निर्देशन अनुसारका सम्पूर्ण अनुसूचीहरु, कर्जा नोक्सानी व्यवस्थाको विवरण समेत) आर्थिक वर्ष समाप्त भएको ३ महिना भित्र सम्बन्धितसुपरिवेक्षण विभागमा स्वीकृतिका लागि पेश गर्नु पर्नेछ । उक्त विवरणहरुका आधारमा यस बैंकको गैर-स्थलगत सुपरिवेक्षणबाट कुनै संशोधन गर्नु पर्ने विषयमा निर्देशन भएमा सो बमोजिम आर्थिक वर्षको वित्तीय विवरणमा समायोजन गरी आर्थिक वर्ष समाप्त भएको ३ महिना भित्र लेखापरीक्षण कार्य सम्पन्न गर्नु पर्नेछ । साथै, समायोजित वित्तीय विवरणहरु, लेखापरीक्षकको अन्तिम प्रतिवेदन तथा लंगफर्म अडिट रिपोर्ट (Long Form Audit Report, LFAR) लेखापरीक्षण सम्पन्न भएको १५ दिनभित्र यस बैंकको सम्बन्धित सुपरिवेक्षण विभागमा पेश गर्नु पर्नेछ ।

वार्षिक साधारण सभामा स्वीकृतिको लागि पेश गर्ने प्रयोजनार्थ तयार गरेको वार्षिक हिसाब (Annual Accounts) यस बैंकको सम्बन्धितसुपरिवेक्षण विभागको सहमति लिएर मात्र सार्वजनिक गर्नु पर्नेछ ।

## २. वित्तीय विवरण तयार गरिने आधार तथा प्रमुख लेखा नीति

क. सहकारी बैंकको लेखा नीति तयार गर्दा नेपाल वित्तीय प्रतिवेदनमान (NFRSs) तथा बमोजिम तयार गर्नुपर्नेछ । नेपाल वित्तीय प्रतिवेदनमानले समावेश नगरेका क्षेत्रहरुमा अन्तर्राष्ट्रिय वित्तीय प्रतिवेदनमान (IFRSs) लाई आधारको रुपमा लिनुपर्नेछ ।

ख. विवरण तयार गर्दा अपनाइने लेखानीतिहरु नेपाल वित्तीय प्रतिवेदनमान (NFRSs) मा उल्लेखित व्यवस्थाको अधीनमा रही सहकारी बैंकका सञ्चालक समितिबाट पारित गराई अवलम्बन गरेबमोजिम हुनेछ । सहकारी बैंकले अपनाएका लेखानीतिहरुको व्याख्यात्मक विवरण वित्तीय विवरणको लेखा सम्बन्धी टिप्पणी अन्तर्गत प्रमुख लेखानीति (Significant Accounting Policies) शीर्षकमा उल्लेख गर्नु पर्नेछ । लेखानीतिहरु परिवर्तन गर्नु परेमा नेपाल वित्तीय प्रतिवेदनमान (NFRSs) को अधीनमा रही परिवर्तन गर्न सकिने छ । परिवर्तन गरिएको लेखानीतिहरुको विवरण वित्तीय विवरणको लेखा सम्बन्धी टिप्पणी अन्तर्गत Basis of Preparation को Changes in Accounting Policies अन्तर्गत उल्लेख गर्नु पर्नेछ ।

## ३. नियमनकारी समायोजन

NFRSs बमोजिम वित्तीय विवरण तयार गर्ने सहकारी बैंकले अवलम्बन गरेको लेखानीति बमोजिम कायम हुने खुद मुनाफाबाट यस बैंकको निर्देशन बमोजिमको बैधानिक तथा अन्य कोषहरुमा रकम बाँडफाँड गरी बाँकी रहेको मुनाफाबाट देहाय बमोजिमको नियमनकारी समायोजन गरी कायम भएको रकमबाट लाभांश विवरण गर्न सकिनेछ।

(क) सहकारी बैंकले पहिलो NFRSs Compliant वित्तीय विवरण तयार गर्दा Opening Statement of Financial Position तथा गत वर्षको वित्तीय विवरणमा NFRSs बमोजिम विभिन्न शीर्षकहरुमा समायोजन गरी सञ्चित मुनाफामा रकम जम्मा गरेकोमा सो बराबरको रकमलाई Statement of Changes in Equity मार्फत सञ्चित मुनाफा (Retained Earning) खाता खर्च गरी नियमनकारी कोष (Regulatory Reserve) मा जम्मा गर्नु पर्नेछ।

(ख) पहिलो NFRSs Compliant वित्तीय विवरण तथा त्यस पश्चातका वर्षहरुको वित्तीय विवरणहरुमा देहाय बमोजिमको नियमनकारी समायोजन गरी नियमनकारी कोष (Regulatory Reserve) मा रकम जम्मा/खर्च गर्नु पर्नेछ।

(अ) सहकारी बैंकको लेखानीति बमोजिम लेखाङ्कन गरिएको कर्जाको ब्याज आम्दानीमध्ये यस बैंकको निर्देशन बमोजिम प्रोदभावी आधार (Accrual Basis) मा लेखाङ्कन गरिने ब्याज आम्दानी मध्ये प्राप्त हुन बाँकी ब्याज आम्दानी बराबरको रकममा प्रचलित व्यवस्थाअनुसारको आयकर तथा कर्मचारी बोनस तथा अन्य नियमानुसारका कोषमा जम्मा गरेको रकम कट्टा गरी बाँकी रकमलाई सञ्चित मुनाफा (Retained Earning) लाई खर्च गरी नियमनकारी कोषमा जम्मा गर्नु पर्नेछ। उक्त ब्याज रकम प्राप्त हुन आएमा नियमनकारी कोषबाट सञ्चित मुनाफा (Retained Earning) मा फिर्ता गर्न सकिनेछ।

(आ) सहकारी बैंकले हरेक कर्जामा आफ्नो लेखानीति बमोजिम लेखाङ्कन गर्ने हानी नोक्सानी (Impairment Loss) तथा यस बैंकको निर्देशन नं. २ बमोजिम कायम हुने कर्जा नोक्सानी व्यवस्था (Loan Loss Provision) को विस्तृत विवरण प्रत्येक त्रयमाससमा तयार गर्नु पर्नेछ। NFRSs बमोजिम लेखाङ्कन हुने कर्जा हानी नोक्सानीको रकम निर्देशन नं. २ बमोजिम कायम हुने कर्जा नोक्सानी व्यवस्था रकम भन्दा कम भएमा कम भएजति रकम वार्षिक रुपमा सञ्चित मुनाफा (Retained Earning) खातालाई खर्च गरी नियमनकारी कोषमा जम्मा गर्नु पर्नेछ। NFRSs बमोजिम लेखाङ्कन हुने कर्जा हानी नोक्सानीको रकम बढदै गएमा सो बढेजति रकम नियमनकारी कोषबाट सञ्चित मुनाफामा फिर्ता गर्न सकिनेछ।

(इ) सहकारी बैंकले नेपाल वित्तीय प्रतिवेदनमान (NFRSs) बमोजिम Fair value through profit or loss मा लेखाङ्कन गरेको लगानीका साथै अन्य कुनै सम्पत्तिहरुमा Fair value gain (unrealized gain) भएमा उक्त नाफा रकमलाई सञ्चित मुनाफा (Retained Earning) खातालाई खर्च गरी नियमनकारी कोषमा जम्मा गर्नु पर्नेछ। नियमनकारी कोषमा जम्मा भएको रकम NFRSs बमोजिम सम्बन्धित सम्पत्तिको Fair value gain घटेको वा Fair value loss भएको अवस्थामा सो रकमलाई वार्षिक रुपमा नियमनकारी कोषबाट सञ्चित मुनाफामा फिर्ता गर्न सकिनेछ।

(ई) आफ्नो लेखानीति बमोजिम लेखाङ्कन गरिएको गैर-बैकिङ्ग सम्पत्तिको कुल रकममा प्रचलित व्यवस्थाअनुसारको आयकर तथा कर्मचारी बोनस तथा अन्य नियमानुसारका कोषमा जम्मा गरेको रकम कट्टा गरी बाँकी रकमलाई गैर बैकिङ्ग सम्पत्ति सकार गर्दाको वर्षमा सञ्चित मुनाफा खातालाई खर्च गरी नियमनकारी कोषमा जम्मा गर्नु पर्नेछ। यस्तो रकम गैर बैकिङ्ग सम्पत्ति बिक्री भएको वर्षमा वा स्वप्रयोजनका लागि प्रयोग गरेको वर्षमा नियमनकारी कोषबाट सञ्चित मुनाफा खातामा फिर्ता गर्न सकिनेछ।

(उ) वित्तीय विवरणको सञ्चित मुनाफा र/वा अन्य वितरण योग्य मुनाफा संग सम्बन्धित खुद स्थगन कर सम्पत्ति बराबरको रकम सञ्चित मुनाफा खातालाई खर्च गरी नियमनकारी कोषमा जम्मा गर्नु पर्नेछ। स्थगन करको पुन गणना गर्दा स्थगन कर सम्पत्तिको मूल्य (Carrying Amount) मा कमी आएको वर्षमा कमी आएको बराबरको रकम नियमनकारी कोषबाट सञ्चित मुनाफा खातामा फिर्ता गर्न सकिनेछ।

(ऊ) आफ्नो लेखानीति बमोजिम कर्मचारी खर्चको लेखाङ्कन गर्दा वीमांकिक मूल्याङ्कन (Actuary Valuation) बमोजिम सिर्जना भएको Actuarial Loss लाई Other Comprehensive Income मा लेखाङ्कन भएको अवस्थामा सो बराबरको रकम सञ्चित मुनाफा खातालाई खर्च गरी नियमनकारी कोषमा जम्मा गर्नु पर्नेछ। Actuarial

Loss कम भएमा कम भएजति रकम नियमनकारी कोषबाट सञ्चित मुनाफा खातामा फिर्ता गर्न सकिनेछ ।

(ॠ) लेखानीति बमोजिम कुनै खर्च रकम नाफा नोक्सान हिसाबमा लेखाङ्कन नभई Other Comprehensive Income मार्फत वा सोझै इक्विटीमा लेखाङ्कन भई इक्विटी हिसाब अन्तर्गतको सम्बन्धित शीर्षक ऋणात्मक भएमा सो बराबरको सञ्चित मुनाफा खातालाई खर्च गरी नियमनकारी कोषमा जम्मा गर्नु पर्नेछ । कुनै आर्थिक वर्षमा सोही शीर्षकमा आम्दानी लेखाङ्कन भएको अवस्थामा सो आम्दानी बराबरको रकम (नियमनकारी कोषमा जम्मा भएको रकम भन्दा बढी नहुने गरी) नियमनकारी कोषमा खर्च गरी सञ्चित मुनाफा खातामा जम्मा गर्न सकिनेछ ।

(ऐ) माथि उल्लेखित व्यवस्थाबाहेक सम्बन्धित सुपरिवेक्षण विभागले निर्देशन दिएबमोजिमको रकम नियमनकारी कोषमा समायोजन गर्नु पर्नेछ ।

(ऐ) सञ्चित मुनाफा खर्च गरी नियमनकारी कोषमा जम्मा भएको रकम नियमनकारी कोषबाट पुनः सञ्चित मुनाफामा फिर्ता हुने अवस्था भएमा नियमनकारी कोषबाट फिर्ता हुने रकम सो कोषमा जम्मा भएको रकम भन्दा बढी हुने छैन ।

(ग) नियमनकारी कोषमा जम्मा भएको रकम यस बुँदामा उल्लेखित व्यवस्था एवम् यस बैंकले दिएको स्वीकृति बाहेकका अवस्थामा खर्च गर्न पाइने छैन ।

(घ) नियमनकारी कोषमा जम्मा भएको तथा खर्च भएको रकम सहित कोषमा भएको परिवर्तनको विवरण आफ्नो वित्तीय विवरणको लेखा सम्बन्धी टिप्पणी (Notes to Accounts) मा उल्लेख (Disclose) गर्नु पर्नेछ ।

४. यस निर्देशनको प्रयोजनका लागि लघुवित्त वित्तीय संस्थाहरुलाई जारी गरिएको निर्देशन नं. ४ मा समावेश गरिएको अनुसूची तथा विवरणहरूलाई तोकिएको छ ।

**नेपाल राष्ट्र बैंक**
केन्द्रीय कार्यालय
**बैंक तथा वित्तीय संस्था नियमन विभाग**

## निर्देशन नं. ५/२०८२: जोखिम व्यवस्थापन सम्बन्धी व्यवस्था

१. जोखिम व्यवस्थापन

सहकारी बैंकले सामना गर्नुपर्ने जोखिमको पहिचान, मापन, अनुगमन, व्यवस्थापन, नियन्त्रण र रिपोर्टिङका लागि सुदृढ जोखिम व्यवस्थापन संरचना तयार गरी कार्यान्वयनमा ल्याउनु पर्नेछ। प्रभावकारी जोखिम व्यवस्थापनका लागि सहकारी बैंकको सम्पूर्ण क्षेत्र समेट्ने गरी पूर्ण एवम् एकीकृत पद्धति अनुशरण गर्नु पर्नेछ। संस्थागत सुशासन र सुदृढ जोखिम व्यवस्थापनबीच प्रभावकारी सम्बन्ध स्थापित हुने गरी जोखिम व्यवस्थापन प्रति सहकारी बैंकले पूर्ण प्रतिबद्धता व्यक्त गर्नु पर्नेछ।

२. सहकारी बैंकले आफ्नो कारोबारसँग सम्बन्धित जोखिमलाई अनुगमन गर्ने प्रयोजनको लागि जोखिमलाई देहाय बमोजिम वर्गीकरण गर्नु पर्नेछ :-

(क) कर्जा जोखिम।
(ख) सञ्चालन जोखिम।
(ग) तरलता जोखिम।
(घ) बजार जोखिम।
(ङ) अन्य जोखिम।

३. जोखिम व्यवस्थापन कार्यक्रम (Risk Management Program)

(१). सहकारी बैंकले कम्तीमा देहायबमोजिमका विषयहरु समेट्ने गरी जोखिम व्यवस्थापन संरचना कायम गर्नु पर्नेछः
(क) सञ्चालक समिति र उच्च व्यवस्थापनबाट सक्रिय निगरानी (Oversight),
(ख) नीति एवम् प्रक्रियागत विषयको पर्याप्तता,
(ग) प्रभावकारी जोखिम व्यवस्थापन कार्य (Risk Management Function),
(घ) उपयुक्त व्यवस्थापन सूचना प्रणाली, र
(ङ) प्रभावकारी आन्तरिक नियन्त्रण प्रणाली एवम् सीमा (Limit)

(२). सहकारी बैंकमा अन्तर्निहित खास महत्वका मूलभूत जोखिम (Material Risks) को सामना गर्ने नीति तथा कार्यविधि सहकारी बैंकको सञ्चालक समितिबाट स्वीकृत हुनुपर्नेछ र त्यस्ता नीति तथा कार्यविधि कम्तीमा पनि वर्षको एकपटक पुनरावलोकन गर्ने तथा आवश्यक देखिएमा अद्यावधिक समेत गर्नु पर्नेछ। त्यसैगरी सहकारी बैंकको जोखिम व्यवस्थापन सम्बद्ध नीति, कार्यविधि र प्रक्रियाको कार्यान्वयन गर्नु उच्च व्यवस्थापनको कर्तव्य हुनेछ। सहकारी बैंकको सञ्चालक समिति र उच्च व्यवस्थापनले जोखिम सम्बन्धी प्रतिवेदन कम्तीमा त्रैमासमा एकपटक र आवश्यकता अनुरुप जुनसुकै समयमा अध्ययन तथा छलफल गर्नु पर्नेछ।

(३). सहकारी बैंकमा प्रमुख जोखिम अधिकृत (Chief Risk Officer - CRO) वा यस्तै समान पद अन्तरगत रहने गरी स्वतन्त्र जोखिम व्यवस्थापन कार्यको व्यवस्था गर्नु पर्नेछ। संस्थाको आकार एवम् कारोबारको विशिष्टतासँग तादात्म्य हुने गरी आवश्यकता अनुसार प्रत्येक जोखिम व्यवस्थापनको लागि छुट्टाछुट्टै वा गाभेर इकाई/महाशाखाको व्यवस्था गर्न सकिनेछ। जोखिम व्यवस्थापन कार्यले कम्तिमा देहायका विषयहरु समेट्नु पर्नेछ।
(क) जोखिमसम्बन्धी नीति तथा कार्यविधिको तर्जुमा तथा अद्यावधिक गर्ने सम्बन्धी प्रक्रियाको व्यवस्थापन गर्ने,
(ख) सहकारी बैंकको सबै कार्यगत ईकाइहरुको मूलभूत जोखिमको नियमित अनुगमन गर्ने तथा अनपेक्षित जोखिमवारे निर्णयकर्ताहरुलाई समय समयमा सजग गराउने,
(ग) जोखिमसम्बन्धी प्रतिवेदन तयार गर्ने र सो प्रतिवेदन जोखिम व्यवस्थापन समिति र सञ्चालक समितिमा पेश गर्ने, र
(घ) जोखिम व्यवस्थापन कार्यका सबै पक्षहरुको प्रभावकारी कार्यान्वयनमा सघाउ पुऱ्याउने।

(४). सहकारी बैंकको आकार, प्रकृति एवम् कार्यसँग तादात्म्य हुने गरी प्रमुख जोखिम अधिकृतको काम, कर्तव्य र अधिकार उल्लेख गर्नु पर्नेछ । प्रमुख जोखिम अधिकृतले सोझै सञ्चालक समिति स्तरीय जोखिम व्यवस्थापन समितिमा आवधिक रुपमा रिपोर्टिङ्ग गर्नु पर्नेछ ।

(५). व्यवसायिक कार्य र जोखिम व्यवस्थापन कार्यलाई कुनै किसिमको स्वार्थ (Conflict of Interest) नबाझिने गरी अलग्याउनु पर्नेछ । तर, जोखिम व्यवस्थापनलाई जोखिम व्यवस्थापन विभाग/इकाईको मात्र जिम्मेवारीको रुपमा लिनु हुँदैन । जोखिम व्यवस्थापनका लागि व्यवसायिक कार्य (Main Business Function) पहिलो सुरक्षाघेरा (First Line of Defence) को रुपमा रहन आवश्यक छ। सहकारी बैंकका प्रत्येक कर्मचारी जोखिम व्यवस्थापनका लागि आ-आफ्नो जिम्मेवारीप्रति सजग हुनेगरी जोखिम संस्कृति (Risk Culture) को विकास गर्नु पर्नेछ ।

(६). सहकारी बैंकमा सबल आन्तरिक नियन्त्रण प्रणाली (Internal Control System) कायम गर्नुपर्नेछ । आन्तरिक नियन्त्रण प्रणालीको सबलता र पर्याप्तता सुनिश्चित हुने गरी सहकारी बैंकको प्रभावकारीरुपमा लेखापरीक्षण गराउन सञ्चालक समिति/जोखिम व्यवस्थापन समिति प्रतिबद्ध हुनु पर्नेछ ।

४. सहकारी बैंकले जोखिम व्यवस्थापनको लागि देहायबमोजिम गर्नुपर्नेछ :

(क) जोखिमको पहिचान, मापन, अनुगमन र नियन्त्रण गर्न सक्षम हुने गरी उपयुक्त नीति तथा कार्यविधि अवलम्बन गरेको हुनु पर्नेछ ।

(ख) जोखिमलाई व्यवस्थापन गर्न प्रभावकारी आन्तरिक नियन्त्रण प्रणाली तथा सूचना प्रणालीको विकास गर्नुपर्नेछ । आन्तरिक लेखापरीक्षकले प्रत्येक शाखा/विभाग/कार्यालयको लेखापरीक्षण प्रतिवेदनमा जोखिमलाई प्रभावकारीरुपमा व्यवस्थापन गर्न अवलम्बन भएका उपायहरुको पर्याप्तताको सम्बन्धमा समेत टिप्पणी/प्रतिकृया समावेश गर्नु पर्नेछ ।

(ग) Disaster Recovery Plan र Business Continuity Plan तर्जुमा गरी प्रतिकुल परिस्थितिमा समेत व्यवसाय निरन्तरताको सुनिश्चितता गर्नुपर्नेछ । यस्ता योजनाहरु नियमितरुपमाअभ्यास (Drill) गरी अद्यावधिक गर्नु पर्नेछ ।

५. बुँदा नं. २ मा उल्लेख भएका बाहेकका अन्य जोखिम जस्तै ब्याजदर जोखिम, Reputation Risk, Strategic Risk, AML/CFT Risk, Legal Risk जस्ता जोखिमहरुको समेत पहिचान गर्नु पर्नेछ । सहकारी बैंकले यस्ता सवै किसिमका जोखिमहरुको व्यवस्थापन गर्न पर्याप्त नीति, कार्यविधि तर्जुमा गर्नु पर्नेछ ।

६. सहकारी बैंकको श्रोत परिचालन (आफ्नो सदस्यबाट लिएको स्वदेशी बचत तथा प्राथमिक पुँजी) मा कूल कर्जा सापटको अंश ८० प्रतिशतभन्दा बढी हुने छैन ।

**नेपाल राष्ट्र बैंक**
केन्द्रीय कार्यालय
**बैंक तथा वित्तीय संस्था नियमन विभाग**

## निर्देशन नं. ६/२०८२: संस्थागत सुशासन सम्बन्धी व्यवस्था

१. सहकारी बैंकले कम्तीमा तेत्तिस प्रतिशत महिला सदस्यसहित बढीमा नौजना सञ्चालक रहेको सञ्चालक समिति बनाउनुपर्नेछ । उक्त समितिमा प्रादेशिक प्रतिनिधित्व सुनिश्चित गर्नुका साथै एकजना बैकिङ्ग क्षेत्रका विज्ञ र एकजना सहकारी विज्ञ सहित दुई जना स्वतन्त्र सञ्चालक रहने व्यवस्था गर्नुपर्नेछ ।

२. **सञ्चालकले पालना गर्नुपर्ने आचरण सम्बन्धी व्यवस्था**

(१) सहकारी बैंकका सञ्चालकले न्यूनतम स्वीकारयोग्य आचरण कायम गर्नु पर्ने

(क) सञ्चालकले यस बैंकले जारी गरेको आचरण सम्बन्धी व्यवस्था पालना गर्ने बचनबद्धता पत्रमा हस्ताक्षर गर्नु पर्नेछ ।

(ख) कुनै व्यक्ति सञ्चालकमा नियुक्त भएपछि कार्यभार सम्हाल्नुभन्दा पहिले आफू आबद्ध भएको सहकारी संस्थासँग कर्जा लिए नलिएको सम्बन्धमा सञ्चालक समितिलाई लिखितरुपमा जानकारी गराउनु पर्नेछ ।

(ग) सञ्चालकले सहकारी बैंकको व्यवस्थापनको दैनिक कामकारबाहीमा हस्तक्षेप गर्नु हुँदैन ।

(घ) सञ्चालकले आफ्नो अधिकार क्षेत्र नाघी गरेको काम कारबाहीप्रति सञ्चालक स्वयं जवाफदेही हुनु पर्नेछ । त्यस्तो अवस्थामा सहकारी बैंक उत्तरदायी हुनुपर्ने छैन ।

(ङ) कुनै व्यक्ति कालो सूचीमा परेको भए कालो सूचीमा रहेको अवधि र कालोसूचीबाट हटेको ३ वर्षसम्म त्यस्तो व्यक्ति सञ्चालक मनोनयन/नियुक्तिको लागि योग्य हुनेछैन । साथै, सञ्चालक कालोसूचिमा परेमा सञ्चालकको पद स्वतः रिक्त हुनेछ ।

(च) सहकारी बैंकको सञ्चालक तथा लेखा सुपरिवेक्षण समितिमा यस बैंकबाट इजाजतपत्रप्राप्त बैंक तथा वित्तीय संस्था वा भुक्तानी सम्बन्धीकार्य गर्न अनुमतिपत्रप्राप्त संस्था वा विप्रेषणको कारोबार गर्ने इजाजतपत्रप्राप्त संस्था वा सहकारी ऐनबमोजिम गठित सहकारी संस्थाको सञ्चालक पदमा बहाल रहन पाउने छैन ।

(छ) संघीय संरचनाबमोजिमको स्थानीय, प्रादेशिक वा संघीय तहको पदाधिकारीमा निर्वाचित व्यक्तिहरु वा सार्वजनिक पद धारण गरेको व्यक्ति पदमा बहाल रहुञ्जेल सहकारी बैंकको सञ्चालक समितिमा प्रतिनिधित्व गर्न पाउने छैनन् ।

(ज) एकाघरका परिवारका सदस्य एउटै सहकारी बैंकमा एकै समयमा सञ्चालक, कार्यकारी प्रमुख तथा निज पछिको निकटतम तल्लो वरियताको पदमा नियुक्त हुन पाइने छैन ।

(२) सञ्चालक वा सञ्चालकको एकाघर परिवारको सदस्य कुनै सहकारी संस्थामा सदस्य रहेमा त्यस्तो सहकारी संस्थाको कर्जासम्बन्धी कुनैपनि निर्णयमा सो सञ्चालक संलग्न हुन पाइने छैन । साथै, सञ्चालक वा सञ्चालकको एकाघर परिवारको सदस्यले सदस्य ऋणी सहकारी संस्थासँग कर्जा लिएको भए त्यस्तो कर्जाको भाखा नाघेमा निज सहकारी बैंकको सञ्चालक पदमा बहाल रहन योग्य मानिने छैन । त्यसैगरी, सञ्चालक वा निजको परिवारको स्वामित्वमा रहेको/वित्तीय स्वार्थ रहेको फर्म, कम्पनीसँग घर भाडा लिई कार्यालय संचालन गर्न पाइने छैन ।

(३) सहकारी बैंकको सञ्चालक तथा लेखा सुपरिवेक्षण समितिका सदस्यहरुको एकाघर परिवारको सदस्य सञ्चालक रहेको सहकारी संस्थाले सहकारी बैंकबाट कर्जा उपभोग गर्न पाउने छैन । यदि यस प्रकारको कर्जा उपभोग गरिरहेको भए यो निर्देशन जारी भएको मितिले दुई वर्षभित्रमा उक्त कर्जा चुक्ता गरिसक्नु पर्नेछ ।

(४) सहकारी बैंकले आन्तरिक कार्य प्रणालीका लागि आचरण सम्बन्धी व्यवस्था तयार गरी लागु गर्नु पर्नेछ । सहकारी बैंकले आफ्नो सञ्चालकले यस निर्देशनमा तोकिएका आचरणहरु पालना गरे नगरेको विवरण वार्षिक रुपमा वित्तीय विवरणमा खुलाउनु पर्नेछ ।

## ३. सञ्चालक/सञ्चालक समितिको कर्तव्य र उत्तरदायित्व

(क) सहकारी बैंकको सञ्चालनका लागि योग्य जनशक्तिको छनौट, नियुक्ति, सरुवा, बढुवा, अवकाश आदि व्यवस्थाका लागि उपयुक्त कर्मचारी सेवा विनियमावली तयार गरी लागु गर्नु पर्नेछ ।

(ख) सहकारी बैंकको आन्तरिक लेखापरीक्षण नियमित रुपमा गराउनु पर्नेछ । आन्तरिक लेखापरीक्षणको कार्य Outsource मार्फत् गर्ने भएमा सो सम्बन्धी पेशागत प्रमाणपत्र प्राप्त व्यक्ति वा संस्थालाई नियुक्त गर्नु पर्नेछ र सम्बन्धित संस्थाले आफ्नो एक जना अधिकृतलाई सम्पर्क अधिकृतको जिम्मेवारी तोक्नु पर्नेछ । आन्तरिक लेखापरीक्षकले कम्तीमा त्रैमासिक रुपमा आफ्नो प्रतिवेदन सिधै लेखा सुपरिवेक्षण समिति समक्ष पेश गर्ने व्यवस्था गर्नु पर्नेछ ।

(ग) कुनै एउटा संस्थाको Internal Audit सम्बन्धी कार्य गर्न जिम्मेवारी तोकिएको व्यक्ति वा संस्था तथा सो संस्थाका साझेदार वा कर्मचारीले सो संस्थाको Statutory Audit सम्बन्धी कार्यमा संलग्न हुन पाउने छैन । त्यसैगरी कुनै सहकारी बैंकको Statutory Audit सम्बन्धी कार्य गर्न जिम्मेवारी तोकिएको व्यक्ति वा संस्था तथा सो संस्थाका साझेदार वा कर्मचारीले सो संस्थाको Internal Audit सम्बन्धी कार्यमा संलग्न हुन पाउने छैनन् ।

(घ) सहकारी बैंकका कर्मचारीहरुलाई अख्तियार प्रत्यायोजन गरे पनि निजहरुको क्रियाकलापको अन्तिम दायित्व सञ्चालकहरुले नै बहन गर्नु पर्ने हुँदा सञ्चालक समितिको बैठकमा कर्मचारीहरु माथि गरिएका सुपरिवेक्षण तथा कारवाही सम्बन्धी अभिलेख राख्नु पर्नेछ ।

(ङ) सहकारी बैंकको लगानी तथा कर्जा नीति, सम्पत्ति तथा दायित्व व्यवस्थापन, बजेटिङ्ग, योजना र अन्य आवश्यक विषयमा लिखित नीति तथा योजना तर्जुमा गरी कर्मचारीहरुलाई पालन गर्न लगाउनु पर्नेछ ।

(च) सञ्चालकहरुले सहकारी बैंकको अवस्था एवम् गतिविधि र व्यवस्थापनले अख्तियार गरेका नीति सम्बन्धमा नियमित रुपमा जानकारी लिई आवश्यकता अनुसार सुधारात्मक उपाय अपनाउनु पर्नेछ ।

(छ) प्रचलित कानुन र यस बैंकबाट जारी भएका नीति निर्देशन तथा नियमनको परिपालना नभएमा सञ्चालकहरुउपर सहकारी ऐनको दफा १२८ अनुरुप कारवाही समेत हुनसक्ने हुनाले त्यस्ता कानुन, नीति निर्देशन तथा नियमन सम्बन्धी विषयमा सञ्चालकहरु पूर्ण जानकार हुनुका साथै सहकारी बैंकबाट त्यस्ता कानुन, नीति निर्देशन तथा नियमन पालना भए नभएको सम्बन्धमा नियमित अनुगमन गर्नु पर्नेछ ।

(ज) सहकारी बैंकका सञ्चालकहरुले संस्थाका हकहित विपरित कार्य गरेमा वा यस बैंकले माग गरेका कागजातहरु उपलब्ध नगराएमा सहकारी ऐन, २०७४ को दफा १२८ बमोजिम त्यस्ता सञ्चालक तथा पदाधिकारीलाई लगाइएको जरिवाना व्यक्तिगत रुपमा तिर्नु पर्नेछ । यसरी व्यक्तिगत रुपमा तिरेको जरिवाना रकमलाई सम्बन्धित सहकारी बैंकले आफ्नो हिसावमा खर्च लेखी भुक्तानी दिन पाउने छैन ।

(झ) प्रचलित कानुनले तोकेको अवस्थामा बाहेक सहकारी बैंकका सञ्चालकहरुले कार्यकारी प्रमुखको अनुपस्थितिमा कार्यकारी प्रमुखको हैसियतले दैनिक कार्यसञ्चालन गर्न पाइने छैन । साथै, अध्यक्ष तथा सञ्चालकहरुले आफ्नो संस्थाको लेटरप्याड तथा छाप प्रयोग गरी कुनै पनि पत्राचार गर्न पाइने छैन । तर, अध्यक्ष/सञ्चालकले सहकारी बैंकको व्यवस्थापनको दैनिक काम कारबाहीमा हस्तक्षेप गर्नु हुँदैन भन्ने व्यवस्थाको अधीनमा रही दैनिक कार्यसञ्चालनसंग सम्बन्धित वाहेकका विषयमा लेटरप्याड तथा छाप प्रयोग गरी पत्राचार गर्न भने

यस व्यवस्थाले बाधा पर्ने छैन ।

(ञ) सञ्चालक समितिको बैठकमा सञ्चालक बाहेकका सदस्यहरुलाई आमन्त्रण गरी सञ्चालक सरह बैठक भत्ता तथा अन्य सुविधा प्रदान गर्न पाइने छैन । तर, सहकारी बैंकको सञ्चालक समितिले आवश्यकता महशुस गरेमा खास खास विषयमा राय/परामर्शका लागि वित्तीय स्वार्थ नभएको विषय विज्ञ व्यक्तिलाई सञ्चालक समितिको बैठकमा आमन्त्रण गरी आवश्यक राय/परामर्श प्राप्त गरी सो वापत पारिश्रमिक प्रदान गर्न, सञ्चालक समितिको सचिव तथा सचिवालयका कर्मचारीहरुलाई सञ्चालक समितिले तोकेबमोजिमको खर्च प्रदान गर्न यो व्यवस्थाले बाधा पुऱ्याएको मानिने छैन ।

(ट) सञ्चालकलाई बैठकमा उपस्थित भए बापत पाउने बैठक भत्ता लगायतका सुविधा र संस्थाको काम गर्दाको पारिश्रमिक तथा अन्य सुविधा विनियम/नियमावलीमा स्पष्ट उल्लेख नगरी प्रदान गर्न पाइने छैन ।

(ठ) सहकारी बैंकका सञ्चालक समितिका अध्यक्ष, सदस्य र कार्यकारी प्रमुखको विदेश भ्रमण सम्बन्धी व्यवस्थालाई व्यवस्थित बनाउन कार्यविधि बनाई लागु गर्नुपर्नेछ ।

## ४. कार्यकारी प्रमुखको नियुक्ति सम्बन्धी व्यवस्था

(१) सहकारी बैंकको संचालक समितिले प्रचलित कानुन तथा संस्थाको विनियमको अधीनमा रही कार्यकारी प्रमुखको नियुक्ति गर्नु पर्नेछ । यसरी कार्यकारी प्रमुखको नियुक्ति गर्दा संस्थागत सुशासन तथा आन्तरिक नियन्त्रण एवम् सन्तुलनको दृष्टिकोणले सञ्चालक समितिको अध्यक्ष वा सदस्यलाई कार्यकारी प्रमुखको रुपमा नियुक्त गर्न पाइने छैन ।

(२) कार्यकारी प्रमुखको रुपमा नियुक्त हुने व्यक्तिमा सहकारी सम्बन्धी कानुनमा उल्लिखित योग्यता तथा अनुभवका अतिरिक्त देहायका थप योग्यता, अनुभव तथा गुणहरु उल्लिखित हुनु पर्नेछ ।

(क) सहकारी बैंकको कारोबारको लागि आवश्यक पर्ने व्यवसायिक अनुभव हासिल गरेको,

(ख) सहकारी बैंकको दैनिक कार्य सम्पादनमा आन्तरिक नियन्त्रण र प्रचलित कानुनको परिपालना गर्ने गराउने सक्षमता भएको,

(ग) बैंकिङ्ग वा वित्तीय व्यवसायको उच्च तहमा कार्य गरेको,

(घ) टाट नपल्टेको वा भ्रष्टचार वा बेइमानी वा जालसाजीको आरोपमा सजाय नपाएको,

(ङ) प्रहरी प्रतिवेदनमा आपराधिक पृष्ठभूमि (Criminal Record) नदेखिएको वा आपराधिक पृष्ठभूमि (Criminal Record) देखिएको भए सजाय भुक्तान गरेको ५ वर्ष व्यतीत भई सकेको ।

(च) आफ्नो पूर्व कारोबारमा यस बैंकबाट निलम्बन नगरिएको वा यस बैंकबाट भएको अनुसन्धानमा शंकास्पद कारोबारमा संलग्न भनी किटान नगरिएको वा त्यस्तो निलम्बनबाट फुकुवा भएको ५ वर्ष पुगेको वा त्यस्तो शंकास्पद कारोबारको संलग्नताबाट सफाइ पाएको,

(छ) कालोसूचीमा समावेश नभएको वा त्यस्तो सूचीबाट फुकुवा भएको तीन वर्ष पुगेको ।

(३) सहकारी बैंकले कार्यकारी प्रमुखको नियुक्ति गर्दा र सञ्चालक समितिमा हेरफेर हुँदा यस बैंकलाई जानकारी दिनुपर्नेछ ।

(४) कार्यकारी प्रमुख देश बाहिर जानुपर्ने भएमा वा आफ्नो ओहोदाको कार्य गर्न नसक्ने भएमा वा सात दिनभन्दा बढी समय विदामा बस्नुपर्ने भएमा निजको स्थानमा काम गर्ने व्यक्तिको सम्बन्धमा यस बैंकको बैंक तथा वित्तीय संस्था नियमन विभाग र सम्बन्धित सुपरिवेक्षण विभागलाई पूर्व जानकारी दिनु पर्नेछ ।

(५) सहकारी बैंकको कार्यसञ्चालन, कारोबार, व्यावसायिक योजना तथा मुनाफास्थिति समेतलाई दृष्टिगत गरी कार्यकारी प्रमुख, अन्य पदाधिकारी तथा कर्मचारीहरुको तलव तथा सुविधा निर्धारण गर्नु पर्नेछ। साथै, कार्यकारी प्रमुखले पाउने तलब सुविधा यस बैंकले इजाजतपत्रप्राप्त “ख”, “ग”, र “घ” वर्गका वित्तीय संस्थालाई जारी

गरेको कार्यकारी प्रमुखले पाउने तलब सुविधा निर्धारण सम्बन्धी मार्गदर्शन बमोजिम हुने गरी निर्धारण गर्नुपर्नेछ ।

(६) एउटा सहकारी बैंकको कार्यकारी प्रमुखले अर्को इजाजतपत्रप्राप्त संस्थामा पदाधिकारीको रुपमा रही कार्य गर्न पाउने छैन ।

(७) सहकारी बैंकको कार्यकारी प्रमुख अर्को कुनै व्यवसायिक संस्थामा कार्यकारी प्रमुख, पदाधिकारी, कर्मचारी वा अन्य कुनै पदमा रही काम गर्न पाउने छैन । यस प्रयोजनका लागि 'व्यवसायिक संस्था' भन्नाले मुनाफा आर्जन गर्ने उद्देश्य राखी सञ्चालित कुनै पनि संस्थालाई बुझ्नु पर्नेछ ।

(८) सहकारी बैंकको कार्यकारी प्रमुख पद रिक्त भएको तीन महिनाभित्र अनिवार्य रुपमा पदपूर्ति गरिसक्नु पर्नेछ । त्यसैगरी इजाजतपत्रप्राप्त संस्थाले व्यवस्थापकीय पद भनी तोकेका पदहरु समेत रिक्त भएको तीन महिनाभित्र अनिवार्य रुपमा पदपूर्ति गरिसक्नु पर्नेछ । सम्बन्धित सहकारी बैंक सोही बमोजिमको व्यवस्था आफ्नो कर्मचारी सेवा विनियमावलीमा समेत उल्लेख गर्नुपर्नेछ ।

(९) सहकारी बैंकको सञ्चालक समितिले कार्यकारी प्रमुखलाई नियुक्त गर्ने सिलसिलामा पारिश्रमिक र अन्य सुविधा लगायतका बिषयमा करार सम्झौता गर्दा सो सम्झौतामा सेवा सुविधा सम्बन्धी शर्तहरु किटान गरी स्पष्ट रुपमा उल्लेख गर्नु पर्नेछ ।

(१०) कार्यकारी प्रमुखले आफू कार्यरत संस्था बाहेक यस बैंकबाट इजाजतपत्रप्राप्त अन्य कुनै पनि संस्थातथा सहकारी ऐन, २०७४ बमोजिम गठित सहकारी संस्थामा आंशिकरुपमा समेत काम गर्नु हुँदैन ।

**५.** कर्मचारीहरुले पालना गर्नुपर्ने न्यूनतम आचरण सम्बन्धी मार्गदर्शन सहकारी बैंकले तर्जुमा गरी कार्यान्वयन गर्नु पर्नेछ ।

**६.** सहकारी बैंकले आफ्ना कर्मचारीको दक्षता अभिवृद्धिका लागि दक्षता अभिवृद्धि सम्बन्धी कार्यविधि तर्जुमा गर्नु पर्नेछ । अघिल्लो आर्थिक वर्षको कर्मचारीको कुल तलब भत्ताको ३ प्रतिशत बराबरको रकम आगामी आर्थिक वर्षको लागि तालिम तथा वृत्ति विकासमा छुट्टयाई खर्च गर्नु पर्नेछ । यसरी छुट्टयाइएको रकम खर्च नभएमा बाँकी रहेको रकम कर्मचारी दक्षता अभिवृद्धि कोषमा राखी आगामी वर्ष खर्च गनुपर्नेछ ।

**७. आन्तरिक समिति/उपसमिति सम्बन्धी व्यवस्था**

(१) लेखा सुपरिवेक्षण समिति सम्बन्धी व्यवस्था

सहकारी ऐन, २०७४ को दफा ४८ बमोजिम बैंकमा लेखा सुपरिवेक्षण समितिको गठन गर्नु पर्नेछ र सोही ऐनको दफा ४९ बमोजिम समितिको काम, कर्तव्य र अधिकार हुनेछ । समितिको बैठक ३ महिनामा कम्तीमा एक पटक बस्नु पर्नेछ । सो समितिले सहकारी बैंकको आर्थिक अवस्थाको समीक्षा, आन्तरिक नियन्त्रण, लेखापरीक्षण सम्बन्धी कार्यक्रम र लेखापरीक्षणको परिणाम सम्बन्धमा विस्तृत छलफल गरी सहकारी बैंकको व्यवस्थापनलाई आवश्यक निर्देशन दिनेछ । सहकारी बैंकको आन्तरिक र वाह्य लेखापरीक्षकहरुले सो समितिमा सिधै पहुँच राख्न सक्नेछन् । निजहरुले पेश गर्ने प्रतिवेदन र यस समितिको प्रतिवेदन उपर सहकारी बैंकको सञ्चालक समितिले विस्तृत छलफल गर्नु पर्नेछ । आवश्यकता परेको अवस्थामा लेखा सुपरिवेक्षण समितिमा कार्यकारी प्रमुखलाई आमन्त्रित सदस्यको रुपमा बोलाउन वाधा पुगेको मानिने छैन । साथै सहकारी ऐन, २०७४ को दफा ४९ मा उल्लिखित समितिको काम, कर्तव्य र अधिकार बाहेक देहाय बमोजिम समितिको प्रमुख उत्तरदायित्व हुनेछ ।

**समितिको प्रमुख उत्तरदायित्व**

(क) प्रचलित कानुन बमोजिम संस्थाको समग्र वित्तीय अवस्था, आन्तरिक नियन्त्रण, लेखापरीक्षण योजना र आन्तरिक लेखापरीक्षणमा औंल्याइएका विषयहरुमा आवधिक रुपमा समीक्षा गरी सो सम्बन्धमा अपनाउनु

पर्ने कदम बारे व्यवस्थापनलाई आवश्यक निर्देशन दिने र सो सम्बन्धी सुझाव सञ्चालक समितिमा पेश गर्ने ।

(ख) बाह्य लेखापरीक्षकले पेश गरेको लेखापरीक्षण प्रतिवेदनमा औंल्याइएका बुँदा/कैफियतहरु उपर समीक्षा गरी सुधारात्मक कदम चाल्न व्यवस्थापनलाई निर्देशन दिने ।

(ग) नेपाल राष्ट्र बैंकबाट तथा सहकारी विभागबाट निरीक्षण तथा सुपरिवेक्षण गरी प्रतिवेदनमा औंल्याइएका बुँदा/कैफियतहरुको कार्यान्वयन भए/नभएको सम्बन्धमा समीक्षा गर्ने तथा ती विषयहरुको अभिलेख गरी सञ्चालक समितिलाई जानकारी गराउने ।

(घ) संस्थाको वार्षिक वित्तीय विवरणलाई सही र यथार्थ बनाउन व्यवस्थापनलाई सहयोग गर्ने ।

(च) प्रचलित कानुन तथा नेपाल राष्ट्र बैंक तथा सहकारी विभागबाट जारी गरिएका नियमन व्यवस्थाहरु पालना गरे/नगरेको सम्बन्धमा समितिले समीक्षा गर्नुका साथै सो सम्बन्धी ब्यहोरा आफ्नो प्रतिवेदनमा उल्लेख गर्नु पर्ने ।

(छ) आन्तरिक लेखापरीक्षण सम्बन्धी विस्तृत कार्य प्रणाली तयार गरी सोको आधारमा आन्तरिक लेखापरीक्षण गराउनु पर्ने ।

(ज) संस्थाको काम कारबाहीमा नियमितता, मितव्ययिता, औचित्यता, प्रभावकारिता जस्ता कुराहरु अवलम्वन भए/नभएको बारे समीक्षा गरी सञ्चालक समितिलाई आवश्यक सुझाव दिने ।

(झ) संस्थाको त्रैमासिक वित्तीय विवरणको समीक्षा गरी सञ्चालक समिति समक्ष प्रतिवेदन पेश गर्ने ।

(२) संस्थामा लेखा सुपरिवेक्षण समिति बाहेक आफ्नो काम कारवाहीलाई प्रभावकारीरुपमा सञ्चालन गर्न सञ्चालकको संयोजकत्वमा देहायबमोजिम स्थायी प्रकृकिको उप-समिति गठन गर्नुपर्नेछ :

- जोखिम व्यवस्थापन उप-समिति
- सम्पत्ति शुद्धीकरण अनुगमन उप-समिति

उल्लिखित उपसमितिबाहेक विषेश प्रयोजनकालागि सञ्चालक संयोजक वा सदस्य रहने गरी अन्य अस्थायी उप-समिति गठन गर्न सकिने छ ।

(क) सञ्चालक समितिका अध्यक्ष सञ्चालक समिति बाहेक अन्य कुनै पनि आन्तरिक समिति वा उप-समितिमा समावेश हुन पाउने छैन ।

(ख) सम्बन्धित संस्थाले सबै सञ्चालकहरुको योग्यता र अनुभव खुलेको Profile तयार गरी सोको आधारमा सञ्चालकहरुलाई उपयुक्त समितिमा राख्ने व्यवस्था गर्नु पर्नेछ ।

(ग) सञ्चालकको संयोजकत्वमा गठित समिति/उप-समितिका सदस्यहरुको बैठक भत्ता सञ्चालक समिति सरह र अन्य पदाधिकारीहरुको भत्ता सञ्चालकको भन्दा कम हुने गरी सञ्चालक समितिले तोकेबमोजिम हुनेछ ।

(घ) नायव कार्यकारी प्रमुख पदमा बढुवा वा नयाँ पदपूर्ति प्रक्रियाबाट नियुक्ति गर्दा कार्यकारी प्रमुखको सिफारिसमा संस्थाको कर्मचारी सेवा विनियमावलीमा भएको व्यवस्था अनुसार सञ्चालक समितिले गर्नु पर्नेछ । नायव कार्यकारी प्रमुख भन्दा तल्लो तहका कर्मचारीको बढुवा वा नयाँ पदपूर्ति गर्दा कार्यकारी प्रमुखको निकटतम तल्लो वरियताको पदाधिकारीको संयोजकत्वमा गठित पदपूर्ति समितिको सिफारिसमा संस्थाको कर्मचारी सेवा विनियमावलीमा भएको व्यवस्था अनुसार कार्यकारी प्रमुखले गर्नेछ ।

(ङ) एउटा समितिमा संयोजक रहेको सञ्चालक अर्को समितिमा संयोजक हुन पाउने छैन ।

(च) कार्यकारी प्रमुख र आन्तरिक लेखापरीक्षण विभागका प्रमुखको कार्यसम्पादन मूल्याङ्कन क्रमशः सञ्चालक समितिले र लेखा सुपरिवेक्षण समितिले गर्ने गराउने व्यवस्था गर्नु पर्ने ।

(३) जोखिम व्यवस्थापन उप-समिति सम्बन्धी व्यवस्था

सञ्चालक समितिले एक जना सञ्चालकको संयोजकत्वमा एउटा जोखिम व्यवस्थापन उप-समिति गठन गर्नु पर्नेछ । उप-समितिको सदस्यहरु मध्ये सञ्चालन (अपरेसन) विभागका विभागीय प्रमुख सदस्य र कर्जा विभागका विभागीय प्रमुख वा जोखिम व्यवस्थापन सम्बन्धी कार्य गर्ने अलग्गै इकाई भएमा सोको प्रमुख सदस्य-सचिव हुनेछ । लेखा सुपरिवेक्षण समितिका संयोजक जोखिम व्यवस्थापन समितिको पदेन सदस्य हुनेछ । उप-समितिमा आवश्यकता अनुसार आमन्त्रण गरिने विशेषज्ञ सहित बढीमा ५ जनासम्म सदस्य हुन सक्नेछन् । उप-समितिको बैठक ३ महिनामा कम्तीमा एक पटक बस्नु पर्नेछ ।

उप-समितिको काम कर्तव्य र उत्तरदायित्व

(क) विद्यमान जोखिम पहिचान तथा व्यवस्थापन प्रणालीको पर्याप्तता र उपयुक्तता सम्बन्धमा सञ्चालक समितिलाई जानकारी गराउने र उपयुक्त प्रणालीको विकासका लागि सुझाव दिने ।

(ख) व्यवसायिक गतिविधिमा निहित जोखिमको स्तर, जोखिम बहन क्षमता, जोखिम व्यवस्थापनको लागिविकास गरेको रणनीति, नीतिगत व्यवस्था र मार्गदर्शनको नियमित पुनरावलोकन गरी सोको पर्याप्तताका सम्बन्धमा सञ्चालक समितिमा सुझाव पेश गर्ने ।

(ग) व्यवस्थापनबाट नियमित रुपमा जोखिम व्यवस्थापन प्रतिवेदन लिई जोखिमको आंकलन, मूल्याङ्कन, नियन्त्रण तथा अनुगमन के-कसरी भइरहेको छ सो सम्बन्धमा छलफल गर्ने र सञ्चालक समितिमा आवश्यक सुझाव पेश गर्ने ।

(घ) जोखिम सम्पत्ति अनुसार पुंजीको पर्याप्तता, व्यवसायिक रणनीति अनुरुप नीतिगत व्यवस्थाको पर्याप्तता, संस्थाले लिन सक्ने अधिकतम जोखिम सम्बन्धमा नियमित रुपमा छलफल तथा विश्लेषण गरी सञ्चालक समितिलाई आवश्यक राय, सुझाव दिने ।

(ङ) जोखिम व्यवस्थापनका लागि नेपाल राष्ट्र बैंकबाट जारी गरिएका निर्देशन/मार्गनिर्देशन, संस्थाले निर्धारण गरेका आन्तरिक सीमा, उपयुक्त प्रचलन अनुरुप आवश्यक नीति एवम् संरचना विकास गर्नका लागि सञ्चालक समितिलाई सुझाव दिने ।

(च) सञ्चालक समितिबाट भएको अख्तियार प्रत्यायोजनको सीमा तथा औचित्यता विश्लेषण गरी सञ्चालक समितिमा आवश्यक सुझाव सहितको प्रतिवेदन पेश गर्ने ।

(छ) संस्थाको सम्पत्ति संरचना, ती सम्पत्तिहरु परिचालनको अवस्था, त्यसबाट प्राप्त गर्न सकिने आय, सम्पत्तिहरुको गुणस्तरमा हुने वृद्धि/ह्रास र सम्पत्ति दायित्व समिति (ALCO) बाट भएका कार्यहरुको सम्बन्धमा त्रैमासिक रुपमा विश्लेषण/समीक्षा गरी सञ्चालक समितिमा प्रतिवेदन पेश गर्ने ।

(ज) अर्थतन्त्रको कुनै क्षेत्रमा उत्पन्न हुने समस्या वा परिवर्तनले संस्थाको वित्तीय अवस्थामा पार्न सक्ने असरको सम्बन्धमा अध्ययन गरी सोको निराकरणको लागि के-कस्तो नीति अवलम्बन गर्नु पर्ने हो आवश्यक सुझाव सहित सञ्चालक समितिमा प्रतिवेदन पेश गर्ने ।

(४) सम्पत्ति शुद्धीकरण अनुगमन उप-समिति सम्बन्धी व्यवस्था

सञ्चालक समितिले एक जना सञ्चालकको संयोजकत्वमा एउटा सम्पत्ति शुद्धीकरण उप-समिति गठन गर्नु पर्नेछ । उप-समितिमा जोखिम व्यवस्थापन विभागका विभागीय प्रमुख सदस्य र अनुपालना विभागका विभागीय प्रमुख सदस्य-सचिव हुनेछ । उप-समितिमा आवश्यकता अनुसार आमन्त्रण गरिने विशेषज्ञ सहित बढीमा ४ जनासम्म सदस्य हुन सक्नेछन् । उप-समितिको बैठक कम्तीमा तीन महिनामा एक पटक बस्नु पर्नेछ ।

उप-समितिको काम कर्तब्य र अधिकार

(क) सहकारी बैंकले सम्पत्ति शुद्धीकरण (मनी लाउण्डरिङ्ग) ऐन, २०६४ तथा सहकारी विभागबाट जारी भएको प्रचलित निर्देशन अनुसार सहकारी बैंकको नीति तथा कार्यविधि तर्जुमा गरी स्वीकृतिका लागि सञ्चालक समिति समक्ष पेश गर्ने ।

(ख) राष्ट्रिय एवं अन्तर्राष्ट्रिय क्षेत्रमा सम्पत्ति शुद्धीकरण तथा आतंकवादी क्रियाकलापमा वित्तीय लगानी सम्बन्धी भएको विषयहरु/घटनाहरु र त्यसबाटसंस्थालाई पर्न सक्ने असरहरुको विश्लेषण गरी जोखिम व्यवस्थापन गर्न के कस्तो नीतिगत व्यवस्था गर्नुपर्ने हो सो सम्बन्धमा आवश्यक सुझाव सञ्चालक समिति समक्ष पेश गर्ने ।

(ग) सम्पत्ति शुद्धीकरण तथा आतंकवादी क्रियाकलापमा वित्तीय लगानी सम्बन्धी आन्तरिक नीतिगत व्यवस्था र मार्गदर्शनको नियमित पुनरावलोकन गरी सोको पर्याप्तताका सम्बन्धमा सञ्चालक समितिमा सुझाव पेश गर्ने ।

८. **कर्जा/सापटी प्रदान गर्न बन्देज सम्बन्धी व्यवस्था**

सहकारी बैंकले अन्यत्र उल्लेख गरेको अवस्थामा बाहेक सञ्चालक, कार्यकारी प्रमुख र अन्य कर्मचारीहरुलाई कर्जा/ऋण प्रदान गर्न हुदैन । तर, कार्यकारी प्रमुखको हकमा सम्झौतापत्रमा उल्लेख भए बमोजिम र कर्मचारीको हकमा कर्मचारी सेवा विनियमावली अनुसार सुविधा/सापटी प्रदान गर्न यो निर्देशनले बाधा पुऱ्याएको मानिने छैन ।

९. सहकारी बैंकले सुशासन कायम गर्ने कार्यमा सुशासन ऐनको भावना अनुसार आचारसंहिता निर्माण गरी लागु गर्नु पर्नेछ ।

१०. सहकारी बैंकले सञ्चालक समितिको सचिव वरिष्ठ अधिकृतहरुमध्येबाट तोक्नुपर्नेछ ।

११. आफ्नो विनियममा तोकिए बमोजिम सञ्चालक समितिको अध्यक्ष, सञ्चालक, बैठकमा उपस्थित भए बापत पाउने बैठक भत्ता, सञ्चालक कार्यकारी भई कार्य गरेमा पारिश्रमिक समेत र टेलिफोन, मोवाइल तथा पत्रपत्रिका खर्च एवम् संस्थाको काममा स्वदेश र विदेशमा भ्रमण गर्दा लाग्ने खर्च जस्ता अन्य सुविधा बाहेक गैर-कार्यकारी अध्यक्ष तथा अन्य सञ्चालकहरुले व्यक्तिगत फाइदा हुने आर्थिक र गैर-आर्थिक कुनै पनि प्रकृतिका सुविधा लिन पाइने छैन । यसरी आर्थिक र गैर-आर्थिक सुविधा लिएको खण्डमा सहकारी ऐन, २०७४ को दफा १२८ को उपदफा २ बमोजिम सजाय गरिनेछ साथै सम्बन्धित सञ्चालकबाट असुलउपर गरिनेछ ।

१२. **सम्पत्ति विवरण तथा स्वघोषणा सम्बन्धी व्यवस्था**

(क) संस्थाले आफ्ना सञ्चालकहरुको सम्बन्धमा (अनुसूची ६.१, ६.२ र ६.३ बमोजिमका विवरण तयार गरी अद्यावधिक गरी राख्नु पर्नेछ ।

(ख) सहकारी बैंकले आफ्ना सञ्चालक, कार्यकारी प्रमुख तथा अधिकृत स्तरका कर्मचारीहरु र निजका परिवारको नाममा रहेको चलअचल सम्पत्ति र बैंक तथा वित्तीय संस्थाबाट लिएको ऋणको विवरण हरेक आर्थिक वर्ष समाप्त भएको ३५ दिनभित्र अद्यावधिक गरी राख्नुपर्नेछ। साथै, सहकारी बैंकले कार्यकारी प्रमुख तथा अधिकृत स्तरका कर्मचारीहरु नियुक्ति गर्दा सम्बन्धित व्यक्तिसँग यस निर्देशनको अनुसूची नं. ६.३ बमोजिमको स्वघोषणा गराउनु पर्नेछ ।

१३. कुनै एउटा इजाजतपत्र प्राप्त संस्थामा सञ्चालक रहेको व्यक्ति प्रचलित व्यवस्थाको अधीनमा रही कार्यकाल थप भएको अवस्थामा वाहेक सञ्चालक पदबाट जुनसुकै कारणले हटेमा कम्तीमा ६ महिनाको समय व्यतीत नभई सोही सहकारी बैंकको कर्मचारीको हैसियतमा कार्य गर्न पाउने छैन ।

१४. यस बैंकबाट इजाजतपत्र प्राप्त संस्थामा कार्यरत कार्यकारी प्रमुख प्रचलित व्यवस्थाको अधीनमा रही पुनर्नियुक्ति पाएको अवस्थामा बाहेक जुनसुकै कारणले आफ्नो सेवाबाट निवृत्त भएपछि कम्तीमा ६ महिनाको अवधि व्यतित नभई यस बैंकबाट इजाजतपत्रप्राप्त सहकारी बैंकमा कार्यकारी प्रमुख हुन पाउने छैन । साथै, कार्यकारी प्रमुख जुनसुकै कारणवाट हटेमा त्यस्तो व्यक्ति पुनः सोही कार्यकाल वा ६ महिनामध्ये जुन बढी हुन्छ सो अवधि व्यतित नभई सोही संस्थामा सञ्चालक लगायत अन्य कुनै पनि हैसियतमा कार्य गर्न पाउने छैन ।

**नेपाल राष्ट्र बैंक**
केन्द्रीय कार्यालय
**बैंक तथा वित्तीय संस्था नियमन विभाग**

## निर्देशन नं. ७/२०८२: अनिवार्य मौज्दात/वैधानिक तरलता सम्बन्धी व्यवस्था

### १. अनिवार्य मौज्दात सम्बन्धी व्यवस्था

(१) सहकारी बैंकले आफ्नो सदस्य संस्थाहरुबाट संकलन गरेको बचत तथा सापटी कोषको कम्तीमा २(दुई) प्रतिशतले हुने रकम अनिवार्य मौज्दात राख्नु पर्नेछ ।

(२) सहकारी बैंकले यस बैंकको बैंकिङ्ग विभाग वा प्रदेश स्थित कार्यालयमा यस प्रयोजनका लागि खाता खोली आवश्यक रकम जम्मा गर्नुपर्नेछ । अनिवार्य मौज्दात प्रयोजनका लागि खोलिने खाता सम्बन्धित सहकारी बैंकको केन्द्रीय कार्यालय भएको स्थानमा मात्र खोल्नु पर्नेछ ।

(३) उपबुँदा (१) बमोजिम राख्नु पर्ने मौज्दात नपुग भएको अवस्थामा देहाय बमोजिम जरिवाना लगाइने छ :-

(क) पहिलो पटक अनिवार्य मौज्दात नपुग भएको अवस्थामा नपुग भए जति रकममा प्रचलित बैंक दरको प्रतिशतले ।

(ख) दोस्रो पटक अनिवार्य मौज्दात नपुग भएको अवस्थामा नपुग भए जति रकममा प्रचलित बैंक दरको डेढि प्रतिशतले ।

(ग) तेस्रो पटक र सो भन्दा पछि जति पटक नपुग भए पनि नपुग भए जति रकममा प्रचलित बैंक दरको दोब्बर प्रतिशतले ।

तर, समस्याग्रस्त घोषणा गरी बचत स्वीकार तथा कर्जा प्रवाहमा प्रतिबन्ध लगाएको अवस्थामा जरिवाना लगाउन अनिवार्य हुने छैन ।

(४) अनिवार्य मौज्दात नपुग भएको पटक गणना गर्दा प्रत्येक आर्थिक वर्षको लागि अलग अलग गणना गरिनेछ ।

(५) अनिवार्य मौज्दातमा नपुग भएजति रकममा प्रचलित बैंक दरको प्रतिशतले दुई हप्ताको हिसाबमा जरिवाना लगाइनेछ र यसरी नपुग भएजतिको रकमलाई बैंक दरको प्रतिशतले गुणा गरी सोही आर्थिक बर्षको कुल अनिवार्य मौज्दात गणना हुने अवधि (दुइहप्ताको एक अवधि) ले भाग गरिने छ । एउटै अवधि (दुईहप्ताको) मा न्यूनतम दैनिक मौज्दात तथा अनिवार्य मौज्दात दुवैमा नपुग भएमा लाग्ने जरिवानामध्ये जुन बढी हुन्छ सो मात्र लाग्ने छ ।

(६) दुई हप्ताको अनिवार्य मौज्दात गणना गर्ने प्रयोजनका लागि देहायको प्रक्रिया अपनाइनेछ :-

(क) अनिवार्य मौज्दातको गणना साप्ताहिक (प्रत्येक आइतबारदेखि शनिबार) औसत बचत मौज्दातका आधारमा गरिनेछ ।

(ख) मौज्दातको गणना गर्दा खण्ड (क) मा उल्लिखित समयावधि पछि एकहप्ता अन्तराल कायम गरी तत्पश्चातको दुई हप्ता (आइतबारदेखि १४ औं दिनको शनिबार) मा कायम गरिने औसत नगद मौज्दातलाई लिइनेछ ।

(ग) अनिवार्य मौज्दात गणना गर्ने प्रयोजनका लागि कुल बचत दायित्वका हकमा साप्ताहिक रुपमा आइतबारदेखि शनिबारसम्मको कुल बचतको योगलाई सात अङ्कले भाग गरी दैनिक औसत निर्धारण गर्नुपर्नेछ। यसैगरी, नेपाल राष्ट्र बैंक मौज्दातको गणना गर्दा आइतबारदेखि १४ औं दिनको शनिबारसम्मको दैनिक मौज्दातको कुल योगलाई चौध अङ्कले भाग गरी दैनिक औसत निर्धारण गरिनेछ ।

(घ) यस निर्देशन बमोजिम कायम गर्नुपर्ने अनिवार्य मौज्दातको कम्तीमा ७० प्रतिशत मौज्दात दैनिक रुपमा कायम गर्नुपर्नेछ ।

(ङ) यस प्रयोजनको लागि निर्धारित निर्देशन फा.नं. ७.१ बमोजिमको विवरण भरी हप्ता वितेको सात दिनभित्र अनिवार्य रुपमा यस बैंकको सम्बन्धित सुपरिवेक्षण विभागमा आइपुग्ने गरी पठाउनु पर्नेछ ।

(७) यस उद्देश्यको लागि सहकारी बैंकको सम्पूर्ण कार्यालयहरुलाई एउटै इकाई मानिने छ ।

(८) सहकारी बैंकको एक महिना अघिको सदस्य संस्थाहरुबाट बचत तथा सापटी कोषको दैनिक औसतका आधारमा अनिवार्य मौज्दातको गणना गरिने छ ।

(९) यस बैंकमा रहेको खातामा जम्मा हुने गरी फण्ड ट्रान्सफरको सिलसिलामा मार्गस्थ (Transit) मा पर्न गएको स्वदेशी मुद्राको रकमलाई यस बैंकको मौज्दातमा समावेश गर्न सकिने छ ।

(१०) सहकारी बैंकले निर्देशन फा.नं ७.२ बमोजिम अनिवार्य मौज्दात र तरल सम्पत्तिको विवरण मासिक रुपमा प्रत्येक महिना बितेको १५ दिनभित्र यस बैंकको सम्बन्धित सुपरिवेक्षण विभागमा पठाउनु पर्नेछ ।

***स्पष्टीकरण*** *: यस प्रयोजनको लागि "सापटी कोष" भन्नाले सहकारी बैंकले नेपाल सरकार वा अन्तर्गतका निकाय, अन्य इजाजतपत्रप्राप्त संस्था तथा संगठित संस्था (स्वदेशी तथा विदेशी) सँग लिएको सापटी रकम सम्झनु पर्छ ।*

## २. तरल सम्पत्ति सम्बन्धी व्यवस्था

(१) सहकारी बैंकले आफ्नो कुल निक्षेप दायित्वको न्यूनतम २० प्रतिशत तरल सम्पत्तिको रुपमा राख्नु पर्नेछ । तरल सम्पत्ति भन्नाले देहाय बमोजिमको सम्पत्ति सम्झनु पर्दछ :-

(क) आफ्नो ढुकुटीमा रहेको नगद मौज्दात,
(ख) सरकारी सुरक्षणपत्रमा गरेको लगानी ,
(ग) नेपाल राष्ट्र बैंक ऋणपत्रमा गरेको लगानी, वा
(घ) "क" वर्ग इजाजतपत्र प्राप्त संस्था तथा "ख" र "ग" वर्गका राष्ट्रियस्तरका इजाजतपत्र प्राप्त संस्थामा निक्षेप/बचतको रुपमा रहेको मौज्दात ।

(२) बुँदा नं. १ बमोजिम जम्मा गर्नु पर्ने न्यूनतम अनिवार्य मौज्दात भन्दा बढी जम्मा गरेमा बढी भएजति रकम यस प्रयोजनको लागि समावेश गर्न पाइनेछ ।

(३) तरल सम्पत्तिको गणना देहाय बमोजिम हुनेछ -:

(क) तरल सम्पत्तिको गणना दैनिक औसतको आधारमा मासिक रुपमा गरिनेछ ।

(ख) "क" वर्गका इजाजतपत्रप्राप्त संस्थामा रहेको मुद्दती निक्षेप/बचतको हकमा बढीमा ९० प्रतिशतसम्म मात्र तरल सम्पत्तिमा गणना गर्नु पर्नेछ ।

(ग) तरल सम्पत्तिको गणना गर्दा मुद्दती निक्षेप/बचत वा सरकारी ऋणपत्र तथा नेपाल राष्ट्र बैंक ऋणपत्र धितोमा राखी ऋण लिएको भए ऋण लिए बराबरको रकम घटाउनु पर्नेछ ।

(४) तरल सम्पत्ति कायम नराखेमा बुँदा नं.१ को उपबुँदा (३) बमोजिम जरिवाना गरिनेछ ।

## ३. वैधानिक तरलता अनुपात (Statutory Liquidity Ratio) सम्बन्धी व्यवस्था

सहकारी बैंकले कुल बचत दायित्वको कम्तीमा ४ प्रतिशतले हुने रकम वैधानिक तरलता अनुपात कायम गर्नु पर्नेछ । यस प्रयोजनको लागि वैधानिक तरलतामा संस्थाको निम्नानुसारको तरल सम्पत्ति समावेश गरिने छ ।
(क) नेपाल सरकारको सुरक्षणपत्र वा नेपाल राष्ट्र बैंक ऋणपत्रमा गरेको लगानी,
(ख) अनिवार्य मौज्दात प्रयोजनको लागि नेपाल राष्ट्र बैंक वा "क" वर्गको इजाजतपत्रप्राप्त संस्थामा जम्मा गरेको रकम,
(ग) आफ्नो ढुकुटीमा रहेको नगद मौज्दात,

वैधानिक तरलता अनुपात गणना सम्बन्धमा देहाय बमोजिम व्यवस्था गरिएको छ:

(१) वैधानिक तरलता अनुपात गणना गर्दा ठीक अघिल्लो महिनाको अन्त्यमा कायम रहेको स्वदेशी बचत तथा निक्षेप दायित्वलाई आधार मानिनेछ ।

(२) यस्तो अनुपात गणना गरी प्रत्येक महिनाभरको वैधानिक तरलता अनुपात रकमको विवरण निर्देशन फा.नं. ६.३ मा उल्लेख भए बमोजिम पेश गर्नु पर्नेछ ।

(३) उल्लिखित मौज्दात नपुग भएको अवस्थामा सहकारी ऐन, २०७४ को दफा १२८ मा भएको व्यवस्थाको अधीनमा रही देहाय बमोजिम जरिवाना लगाइने छ :-

(क) पहिलो पटक वैधानिक तरलता अनुपात नपुग भएको अवस्थामा नपुग भए जति रकममा प्रचलित बैंकदरको प्रतिशतले ।

(ख) दोश्रो पटक वैधानिक तरलता अनुपात नपुग भएको अवस्थामा नपुग भए जति रकममा प्रचलित बैंकदरको डेढि प्रतिशतले ।

(ग) तेश्रो पटक र सोभन्दा पछि जति पटक नपुग भए पनि नपुग भए जति रकममा प्रचलित बैंक दरको दोब्बर प्रतिशतले ।

(४) वैधानिक तरलता अनुपात नपुग भएको पटक गणना गर्दा प्रत्येक आर्थिक वर्षको लागि अलग अलग पटक कायम गरिनेछ ।

(५) वैधानिक तरलता अनुपात नपुग भए जति रकममा प्रचलित बैंकदरको प्रतिशतले मासिक हिसावमा जरिवाना लगाइनेछ र यसरी नपुग भए जतिको रकमलाई बैंकदरको प्रतिशतले गुणा गरी बाह्रले भाग गरिनेछ ।

(६) वैधानिक तरलता अनुपात नपुग भएको अवस्थामा जरिवानाको प्रयोजनका लागि यस बैंकले तोके बमोजिम प्रकाशित गरेको बैंकदरलाई नै आधार लिइनेछ ।

द्रष्टव्यः *१. यस दफाको प्रयोजनका लागि सरकारी सुरक्षणपत्र भन्नाले नेपाल सरकारले जारी गरेको वचतपत्र, विकास ऋणपत्र, ट्रेजरी बिलस तथा यस बैंकले तोकेको अन्य सुरक्षणपत्र सम्झनु पर्छ ।*

*२. वैधानिक तरलता अनुपात विवरण प्रत्येक महिना समाप्त भएको १५ दिनभित्र पठाउनु पर्नेछ ।*

**नेपाल राष्ट्र बैंक**
केन्द्रीय कार्यालय
**बैंक तथा वित्तीय संस्था नियमन विभाग**

## निर्देशन नं ८/२०८२: ब्याजदर तथा वित्तीय स्रोत संकलन सम्बन्धी व्यवस्था

१. **ब्याजदर निर्णय गराएर लागू गर्नु पर्ने**

क. सहकारी बैंकले आफ्ना सदस्य संस्थाहरुबाट संकलित बचतमा दिने र कर्जामा लिने ब्याजदर, ब्याज गणना विधि सहकारी ऐन, २०७४ बमोजिम निर्धारण गरिएको सन्दर्भ ब्याजदरलाई आधार लिइ लागू गर्नु पर्नेछ । साथै, बचत र ऋणको ब्याजदरको अन्तर सहकारी ऐन, २०७४ को दफा १४९ ले दिएको अधिकार प्रयोग गरी नेपाल सरकारले बनाएको सहकारी नियमावली, २०७५ को नियम २३ को उपनियम (२) को खण्ड (ग) बमोजिम ६ प्रतिशतभन्दा घटी हुनुपर्नेछ । सहकारी बैंकले हर्जाना लगाउने विधि, सेवा शुल्क र प्रशासनिक सेवा शुल्क, कमिशन दर सञ्चालक समितिबाट निर्णय गराई लागू गर्नु पर्नेछ । बैंकले कर्जा प्रवाह गर्दा प्रशासनिक सेवा शुल्क, ब्याज र हर्जाना ब्याज बाहेक कर्जासँग सम्बन्धित अन्य कुनै पनि रकम लिन पाईने छैन ।

ख. आगामी महिनाको लागि बचतमा लागु हुने ब्याजदरसम्बन्धी सूचना नेपाली महिना शुरु हुनु पूर्व सार्वजनिक रुपमा प्रकाशित गरी सक्नुपर्ने छ । यसरी ब्याजदर प्रकाशन गर्दासदस्यमा कुनै किसिमको भ्रम सिर्जना नहुने गरी अनिवार्य रुपमा वार्षिक ब्याजदर प्रतिशत प्रकाशित गर्नु पर्नेछ ।

२. बचतकर्तालाई दिने ब्याज दैनिक मौज्दातमा प्रदान गर्नु पर्नेछ ।

३. सहकारी बैंकले सहकारी ऐन, २०७४ को दफा ५० को उपदफा ७ बमोजिमको सीमा भित्र रही बचत संकलन गर्न सक्नेछ ।

४. सहकारी बैंकले स्वीकार गर्ने बचतको अवधि, प्रकार आदि सम्पूर्ण नियम तथा कार्यविधिका बारेमा संस्था आफैंले नियम बनाई लागू गर्नु पर्नेछ । साथै, सहकारी बैंकले बचतको ब्याजदर परिवर्तन हुने शर्तहरु उल्लेख गर्नेपर्नेछ ।

५. **सापटी लिन सक्ने**

(१) सहकारी बैंकले बुँदा नं. ३ मा उल्लिखित सीमाभित्र रही यस बैंकबाट इजाजतपत्रप्राप्त संस्था र संगठित संस्थासंग सापटी लिन सक्ने छ ।

(२) उपबुँदा (१) मा जुनसुकै कुरा लेखिएको भएतापनि सहकारी बैंकले विदेशी सरकार वा अन्तरराष्ट्रिय संघ/संस्थाबाट कुनै आर्थिक सहायता वा ऋण लिनुपरेमा संस्थाले नेपाल सरकार अर्थ मन्त्रालयसँग स्वीकृति लिनु पर्नेछ । यस्तो सहायताको जानकारी यस बैंकलाई समेत दिनुपर्नेछ ।

६. ३ महिना भन्दा कम समयावधिको मुद्दती बचत स्वीकार गर्न पाइने छैन । साथै, मुद्दती बचतको समयावधि समाप्त नहुदै पूर्वनिर्धारित ब्याजदर कायम रहने गरी सदस्यले चाहेको वखत जहिलेपनि झिक्न पाउने गरी मुद्दती बचत स्वीकार गर्न पाइने छैन ।

७. सहकारी बैंकले मुद्दती बचतकर्ता सदस्यलाई सो मुद्दती बचत रसिदको धितोमा कर्जा प्रदान गर्दा त्यस्तो कर्जामा लाग्ने ब्याजदर मुद्दती बचतमा प्रदान गरिएको ब्याजदरमा के कति प्रतिशत बिन्दुले थप गरी तय गरिने हो, सो सम्बन्धमा सम्बन्धित सदस्यलाई मुद्दती बचत खाता खोल्दाकै वखत जानकारी दिई निजको लिखित सहमति लिनु पर्नेछ । यसरी सदस्यले सहमति जनाएको भन्दा फरक ढंगले त्यस्तो कर्जाको ब्याजदर कायम गर्न पाइने छैन ।

८. कर्जा प्रवाह गर्दा सदस्य ऋणी सहकारीसँग गरिने सम्झौतामा वार्षिक पेनाल ब्याजदर २ प्रतिशत विन्दु भन्दा बढी नहुने गरी उल्लेख गर्नुपर्नेछ। पेनाल ब्याज गणना गर्दा म्याद नाघेको किस्ताको साँवा रकममा वार्षिक पेनाल ब्याजदरले

विलम्ब भएको समयावधिका लागि कायम हुन आउने रकमभन्दा बढी लिन र पेनाल ब्याजमा ब्याज लाग्ने गरी रकम असुल उपर गर्न पाइने छैन ।

९. ब्याज प्रदान गरिने खाता कुनै पनि कारणले निष्कृय हुन गएमा समेत बचतकर्ताले पाउनुपर्ने ब्याज प्रदान गर्नुपर्नेछ ।

**नेपाल राष्ट्र बैंक**
केन्द्रीय कार्यालय
**बैंक तथा वित्तीय संस्था नियमन विभाग**

## निर्देशन नं. ९/२०८२: विविध

### (क) सुपरिवेक्षकीय निर्देशन लागु गर्ने कार्य तालिका सम्बन्धी व्यवस्था

१. स्थलगत निरीक्षण प्रतिवेदन प्राप्त भएको मितिले बढीमा ३० दिनभित्र सहकारी बैंकको सञ्चालक समितिले उक्त प्रतिवेदनमा उल्लिखित कैफियतहरुको सुधार तथा दिएका निर्देशनहरुको पालना गरी सो निरीक्षण प्रतिवेदनमा उठाइएका बुँदाहरुको सुधारको स्थिति सहितको प्रतिक्रिया यस बैंकको सम्बन्धित सुपरिवेक्षण विभागमा पठाउनु पर्नेछ । तोकिएको समयभित्र आवश्यक सुधार गरी प्रतिक्रिया पठाउन नसक्ने अवस्था भएमा यस बैंकको सम्बन्धित सुपरिवेक्षण विभागको स्वीकृति लिई प्राप्त भएको अवधिभित्र उक्त प्रतिवेदन यस बैंकमा पेश गर्नु पर्नेछ ।

२. निरीक्षण प्रतिवेदनमार्फत् थप कर्जा नोक्सानी व्यवस्था गर्ने निर्देशन प्राप्त भएमा चालु त्रैमासिक हिसावमा थप कर्जा नोक्सानी व्यवस्था गरी सोको जानकारी यस बैंकमा दिनु पर्नेछ ।

३. निरीक्षण प्रतिवेदनमार्फत् निर्देशन प्राप्त भएको मितिले तीस दिनभित्र सहकारी बैंकले तीन महिना वा सोभन्दा बढी अवधिले भाखा नाघेका कर्जाहरुको स्थिति सुधार्ने योजना बनाई यस बैंकका सम्बन्धित सुपरिवेक्षण विभागमा पेश गर्नु पर्नेछ । सो अवधिभित्र यस बैंकबाट निरीक्षण भई थप निर्देशन प्राप्त भएमा वर्गीकृत कर्जाहरुको रकम र वर्गीकरणमा आएको परिवर्तन समावेश भएको संशोधित योजना ३० दिनभित्र सुपरिवेक्षण विभागमा पेश गर्नु पर्नेछ ।

### (ख). शाखा/कार्यालय सम्बन्धी व्यवस्था

१. **शाखा/कार्यालय खोल्ने सम्बन्धी व्यवस्था**

(क) सहकारी बैंकले शाखा कार्यालय खोल्न यस बैंकको पूर्व स्वीकृति लिनुपर्नेछ । साथै, शाखा कार्यालय खोल्दा कारोबार शुरु गरेकै दिन उक्त शाखा सम्बन्धी विवरण यस बैंकको वेबपोर्टल (reporting.nrb.org.np) मा अद्यावधिक गर्नु पर्नेछ ।

(ख) देहायको अवस्था पुरा गरेका सहकारी बैंकले आफ्नो कार्यक्षेत्र भित्र नयाँ शाखा कार्यालय खोल्न सक्नेछन्:

(अ) प्रस्तावित स्थान व्यवसायिकरुपले सम्भाव्य रहेको विवरण तयार गर्नु पर्नेछ ।
(आ) तोकेको न्यूनतम चुक्ता पुँजी पूरा गरेको ।
(इ) तोकेको पुँजीकोष पूरा गरेको ।
(ई) यस बैंकबाट दिइएका शर्त तथा निर्देशनको पालना गरेको ।
(उ) संस्थाको सञ्चालक समितिबाट शाखा कार्यालय स्थापना/सञ्चालन गर्ने सम्बन्धी निर्णय भएको हुनुपर्नेछ । सञ्चालक समितिले निर्णय गरेको मितिले १५ दिनभित्र यस बैंक समक्ष संलग्न अनुसूची ११.१ बमोजिमको ढाँचाको फारम भरी स्वीकृतिको लागि आवेदन दिनु पर्नेछ । यस बैंकबाट स्वीकृति पाएको मितिले ६ महिनाभित्रमा शाखा कार्यालय खोली कारोबार सञ्चालन गरिसक्नु पर्ने ।

२. **शाखा/कार्यालय बन्द तथा स्थानान्तरण गर्ने सम्बन्धी व्यवस्था**

(क) सहकारी बैंकले यस बैंकको पूर्व स्वीकृति बिना शाखा वा कुनै पनि किसिमको कार्यालय बन्द गर्न वा स्थानान्तरण गर्न वा गाभ्न पाउने छैनन् ।

(ख) सहकारी बैंकले महानगरपालिका, उप-महानगरपालिका र नगरपालिकाको सोही वडाभित्र तथा गाउँपालिकाको हकमा सोही गाउँपालिकाभित्र शाखा कार्यालय स्थानान्तरण गर्नु परेमा सहकारी बैंकको सञ्चालक समितिको निर्णयानुसार स्थानान्तरण गरी सोही दिनमा यस बैंकको Reporting Portal मा अद्यावधिक गर्नु पर्नेछ ।

(ग) सहकारी बैंकले केन्द्रीय/रजिष्टर्ड कार्यालय (कर्पोरेट कार्यालय) को ठेगाना परिवर्तन गर्न वा स्थानान्तरण गर्न चाहेमा यस बैकको स्वीकृति लिई प्रचलित कानुनको अधीनमा रही आफ्नो प्रबन्धपत्र तथा नियमावलीमा संशोधन गरी गर्न सक्ने छन् ।

**(ग). लगानी सम्बन्धी व्यवस्था**

१. सहकारी बैंकले सरकारी सुरक्षणपत्र र नेपाल राष्ट्र बैंक ऋणपत्रमा लगानी गर्ने नीति तथा कार्यविधि सञ्चालक समितिबाट स्वीकृत गराएर मात्र लागू गर्नु पर्नेछ । सहकारी बैंकले संगठित संस्थाको शेयर, डिबेञ्चर तथा सामूहिक लगानी कोषमा प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा लगानी गर्न पाइने छैन ।

२. सहकारी बैंकले सरकारी सुरक्षणपत्र, नेपाल राष्ट्र बैंक ऋणपत्रमा गरेको लगानी सम्बन्धी विवरण संलग्न निर्देशन फा.नं. ९.१ बमोजिम र संगठित संस्थाको शेयर तथा डिबेञ्चरमा गरेको लगानी विनिबेष नभएसम्म सो सम्बन्धी विवरण क्रमशः संलग्न निर्देशन ९.२ तयार गर्नु पर्नेछ । संगठित संस्थाको शेयरमा गरिएको लगानीलाई खरिद मूल्य वा बजार मूल्य जुन कम हुन्छ त्यसको आधारमा त्रैमासिक रुपमा मूल्याङ्कन गरी संस्थाको सम्पत्तिको रुपमा देखाउनु पर्नेछ । तर, शेयर तथा ऋणपत्रको खरिद मूल्य भन्दा बजार मूल्य कम भएमा फरक पर्न आएको रकमलाई नाफा नोक्सान हिसाबमा खर्च लेखी लगानीमा "सम्भावित हानी बापत व्यवस्था" शीर्षकमा जम्मा गर्नु पर्नेछ ।

**(घ). तथ्याङ्क विवरण सम्बन्धी व्यवस्था**

१. अनुसूची-५.१ र अनुसूची-५.२ मा उल्लेखित विवरणहरुका साथै यस बैंकको अनलाइन रिपोर्टिङ्ग पोर्टलमा व्यवस्था गरे बमोजिमको तथ्याङ्क तोकिएको अवधिभित्र पेश गर्नु पर्नेछ । यस बैंकमा रहेको सुपरिवेक्षकीय सूचना प्रणाली (Supervisory Information System, SIS) को युजर आइडि प्राप्त गरेपछि विद्यमान व्यवस्थाको अलावा समानान्तर रुपमा सो प्रणालीमा समेत तोकिए बमोजिमका रिटर्नहरु तथा एडहक (Adhoc) तथ्याङ्क र विवरणहरु निर्धारित समयावधिभित्र यस बैंक समक्ष पठाउनु पर्नेछ ।

२. यस बैंकमा तथ्याङ्क पठाउने प्रयोजनका लागि एकजना छुट्टै पदाधिकारी तोकी निजको नाम, फोन नं. र इमेल ठेगाना सहितको जानकारी यस बैंकलाई उपलब्ध गराउनुपर्नेछ । तथ्याङ्क विवरण पठाउंदा तोकिएको पदाधिकारीको नाम, फोननं. र इमेल ठेगाना समेत उल्लेख गर्नुपर्नेछ ।

३. सहकारी बैंकले यस निर्देशन अनुरुप पठाउनु पर्ने तथ्याङ्क तोकिएको समयभित्र नपठाएमा वा बारम्बार गलत तथ्याङ्क पठाएमा सहकारी ऐन, २०७४ को दफा १२८ वमोजिम कारवाही हुनेछ ।

**(ङ). अन्य व्यवस्था**

१. सम्पत्ति शुद्धिकरण निवारणसम्बन्धी व्यवस्थाः

सहकारी बैंकले सम्पत्ति शुद्धीकरण (मनी लाउण्डरिङ्ग) ऐन, २०६४ तथा सहकारी विभागबाट जारी भएको प्रचलित निर्देशनको पूर्ण परिपालना गर्नु पर्नेछ । सो परिपालना नगर्ने सहकारी बैंकलाई सम्पत्ति शुद्धीकरण (मनी लाउण्डरिङ्ग) ऐन, २०६४ को दफा ७फ. बमोजिम कारवाही हुनेछ ।

२. सहकारी बैंकले कालोसूची सम्बन्धी व्यवस्था यस बैंकबाट क, ख, र ग वर्गका बैंक तथा वित्तीय संस्थाहरुलाई जारी गरिएको एकीकृत निर्देशनको निर्देशन नं १२ तथा "चेक अनादर गरेको व्यहोरा प्रमाणित गर्ने कार्यविधि, २०८२" बमोजिम गर्नु पर्नेछ ।

३. सदस्य संरक्षण सम्बन्धी व्यवस्था

सहकारी बैंकले आफ्ना सदस्य संस्थालाई प्रदान गर्ने सेवा शर्तसंग सम्बन्धित सबै प्रकारका विवरण सदस्यहरुलाई जानकारी गराउनुपर्नेछ । यस्ता विवरणमा वित्तीय सेवा तथा उपकरणहरुका अतिरिक्त सोसँग सम्बन्धित शुल्क, कमिशन, व्याजदर, जरिवाना, हर्जाना लगायतका सम्बन्धमा अपनाउनु पर्ने प्रक्रिया एवं शर्तहरु समावेश गरेको हुनु पर्नेछ ।

४. सहकारी बैंकले अन्तिम लेखापरीक्षणको क्रममा यस बैंकले लघुवित्त वित्तीय संस्थाहरुलाई तोकेको ढाँचा बमोजिमको Long Form Audit Report बाह्य लेखापरीक्षकबाट तयार गर्न लगाई उक्त प्रतिवेदन सोभै यस बैंकमा आइपुग्ने गरी पठाउने व्यवस्था गर्नु पर्नेछ ।

५. कर्जा अपलेखन सम्बन्धी विनियम बनाउँदा अवलम्बन गर्नु पर्ने मार्गदर्शन सम्बन्धमा

(१) सहकारी बैंकले असुल हुन नसक्ने कर्जा निर्धारण गर्ने आधार तयार गरी त्यस्तो कर्जा अपलेखन गर्ने बारे विनीयमावली तर्जुमा गरी यस बैंकबाट स्वीकृति लिई लागू गर्नु पर्नेछ ।

(२) सहकारी बैंकले देहायका प्रक्रियाहरु पुरा गरी कर्जा अपलेखन गर्न सक्ने छ ।

(क) कर्जा खराब बर्गमा परी १०० प्रतिशत कर्जा नोक्सानी व्यवस्था भइसकेको हुनुपर्ने ।

(ख) कर्जा असूलीको लागि प्रचलित ऐन तथा नीति बमोजिम धितो सुरक्षणको लिलाम बिक्रीको प्रक्रिया सम्पन्न गरेको हुनुपर्ने ।

(ग) कर्जाको धितो सुरक्षण लिलाम बिक्री हुन नसकेको अवस्थामा अनिवार्य रुपमा धितो सकार गरेको हुनुपर्ने ।

(३) अपलेखन गरिएका कर्जाको हकमा त्यस्तो कर्जा स्वीकृत गर्ने अधिकारी वा समिति, कर्जाको सुरक्षण बापत राखिएको धितोको मूल्याङ्कन प्रकृया, कर्जा असुलीका लागि गरिएका प्रयासहरु र यसरी अपलेखनमा जानुपर्नाको औचित्यता आदिको बारेमा अभिलेखमा जनाउनु पर्नेछ ।

(४) सहकारी बैंकले एउटा छुट्टै कर्जा असुली इकाइको स्थापना गरी अपलेखन गरिएका कर्जाहरुको असुलीका लागि निरन्तर प्रयास गर्नु पर्नेछ ।

(५) सहकारी बैंकले अपलेखन गरेका कर्जाहरुको अद्यावधिक विबरण छुट्टै रजिष्टर खडा गरी राख्नु पर्नेछ ।

(६) सहकारी बैंकले चालु वर्षमा अपलेखन गरिएका कर्जाहरुको विवरण (माथि उपबुँदा नं. ४ मा उल्लिखित बुँदाहरु समावेश गरी) वार्षिक प्रतिवेदनमा अनिवार्य रुपले उल्लेख गर्नु पर्नेछ ।

(७) सहकारी बैंकले अपलेखन गरिएका कर्जाहरुको विवरण आर्थिक वर्ष समाप्त भएको मितिले १५ दिनभित्र यस बैंकको सम्बन्धितसुपरिवेक्षण बिभागमा पठाउनु पर्नेछ ।

६. चेक मार्फत् कारोबार गर्ने सम्बन्धमा

चेक मार्फत् कारोबार गर्ने सम्बन्धमा सहकारी बैंकले सम्पत्ति शुद्धीकरण (मनि लाउण्डरिङ्ग) निवारण ऐन, २०६४ को उद्देश्यलाई समेत सहयोग पुऱ्याउन यस बैंकबाट समयसमयमा तोकिएको सीमाभन्दा बढीको रकम भुक्तानी गर्दा अनिवार्य रुपमा एकाउन्टपेयी चेक मार्फत् गर्नु पर्नेछ ।

७. सहकारी बैंकले विदेशीसँग व्यवस्थापन करार गर्नु परेमा वा संस्थामा विदेशी नागरिकलाई नियुक्ति गर्नु परेमा नेपाल राष्ट्र बैंकसँग पूर्व स्वीकृति लिनु पर्नेछ ।

८. सहकारी बैंकले आफ्नो कर्मचारी सेवा विनियमावली, आर्थिक प्रशासन विनियमावली तथा कर्जा अपलेखन विनियमावली यस बैंकबाट स्वीकृत गराउनु पर्नेछ । साथै, उक्त विनियमावलीहरुमा कुनै संशोधन गर्नु परेमा यस बैंकको पूर्व स्वीकृति लिएर मात्र संशोधन गनुपर्नेछ ।

९. सहकारी बैंकको केन्द्रीय कार्यालय र शाखास्थित कार्यालयहरुको साइनबोर्डमा “नेपाल राष्ट्र बैंकबाट सीमित बैकिङ्ग कारोवार गर्न स्वीकृति प्राप्त संस्था” भनी उल्लेख गर्नुपर्नेछ ।

१०. निर्देशनको पालना नगरेमा हुने कारबाही

सहकारी बैंकले यस निर्देशनको पालना नगरेमा सहकारी ऐन, २०७४ को दफा १२८ र नेपाल राष्ट्र बैंक ऐन, २०५८ मा उल्लिखित कुनै पनि कारबाही गर्न सकिने छ ।

११. खारेजी र बचाउ

(क) सहकारी बैंकलाई इजाजत प्रदान गर्ने क्रममा जारी गरिएको शर्तहरु खारेज गरिएको छ ।

(ख) सहकारी बैंकलाई जारी गरिएका अन्य निर्देशनहरु यस निर्देशनमा समावेश भएको हदसम्म यो निर्देशन बमोजिम भए गरेको मानिनेछ ।

# निर्देशन फारामहरु तथा अनुसूचीहरु

*निर्देशन फा.नं. १*

## पुँजीकोष तालिका

*(रु.हजारमा)*

| विवरण | चालु अवधि | गत अवधि |
|---|---|---|
| **(क) प्राथमिक पुँजी**<br>१) चुक्ता पुँजी (साधारण शेयर)<br>२) प्रस्तावित वोनस शेयर<br>३) जगेडा कोष<br>४) सञ्चित नाफा/(नोक्सान)<br>५) वासलातमा देखाईएको चालु आ.व. को नाफा नोक्सान हिसाबको रकम<br>६) अन्य स्वतन्त्र कोषहरु<br>**घटाउने :**<br>– ख्याति (Goodwill) वापतको रकम<br>– स्थगन कर सम्पत्ति (Deferred Tax Assets)<br>– सीमाभन्दा बढी शेयर, सुरक्षणपत्रमा लगानी गरिएको रकम<br>– अवास्तविक सम्पत्ति<br>– यस बैंकको निर्देशन पालना नगरी स्वप्रयोजनका लागि घरजग्गा खरिद गरेको रकम | | |
